# लेखापरीक्षण प्रतिवेदन

## झिमरुक गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# झिमरुक गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/190

श्रीमान् अध्यक्षज्यू,
झिमरुक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, प्युठान ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/190

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान अध्यक्षज्यू ,

झिमरुक गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फको रु. १ अर्ब ३५ करोड ९१ लाख ८० हजारको लेखापरीक्षणबाट रु. ७६ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१३ लाख ३० हजार सम्परीक्षण र रु.५ लाख १२ हजार थप भई असुल गर्नुपर्ने रु.१४ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ४ लाख ८ हजार र नियमित गर्नुपर्ने रु.४९ लाख ७१ हजार गरी जम्मा रु.६८ लाख ६५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.७ करोड ८३ लाख ५४ हजार मध्ये रु.६ करोड ७२ लाख फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.१ करोड ८० लाख १९ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत झिमरुक गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४७ | ४७ | ७६,८३,३२९ | ० | २३ | १३,३०,३९८ | ५,१२,५०० | ४७ | २४ | ६८,६५,४३१ | १४,८५,८९१ | ४९,७१,०५५ | ४,०८,४८५ | ० | ० | ५३,७९,५४० | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | ७,८३,५३,८०८ | ० | ६,७२,००,३३४ | १,११,५३,४७४ | ० | ६८,६५,४३१ | १,८०,१८,९०५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५३ | विद्यालय भवन निर्माण | ७,११,५०४ |
| २ | २०८१/८२ | ३५ | भुक्तानी भन्दा घटी खरिद विल | १,२७,७०८ |
| ३ | २०८१/८२ | ४५ | भरपाईभन्दा बढी भुक्तानी | ५,०४० |
| ४ | २०८१/८२ | २६.२ | प्राविधिक धारको विद्यालय अनुदानः | ९०,००० |
| ५ | २०८१/८२ | २२.१ | निशुल्क पाठ्यपुस्तकः | ३,९६,१४६ |
| ६ | २०८०/८१ | ३३ | शिर्षक फरक | ५,०३,२८० |
| ७ | २०८०/८१ | ३८ | शिक्षकको तलव भत्ता अनुदान | ३,६७,७५,००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ३२ | नाफामुलक संस्थालाई अनुदान | २२,२४,२७४ |
| ९ | २०८०/८१ | १३ | कल्याण कोष | १०,००,००० |
| १० | २०८०/८१ | १४.२ | करार कर्मचारी व्यवस्थापन | ३४,६८,४०० |
| ११ | २०८०/८१ | ४४.१ | अधुरो आयोजना | ४,१०,००० |
| १२ | २०७९/८० | १० | संगठन तथा कर्मचारी व्यवस्थापन | २३,५३,२०२ |
| १३ | २०७९/८० | ३७ | एकमुष्ट बिनियोजन र नापी | २२,३४,४४६ |
| १४ | २०७९/८० | ३५ | उपभोक्ता समितिको कार्य निर्माण ब्याबसायीबाट | १,८१,८३,७३२ |
| १५ | २०७७/७८ | ६१ | उपकरण खरिद | ४८,००० |
| जम्मा | | | | ६,८५,३०,७३२ |

# झिमरुक गाउँपालिका, प्युठान

# ( ८०५५५५०३३०० )

# झिमरुक गाउँपालिका , प्यूठान

# परिचय

१ **परिचय खण्ड**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०५।१३ देखि २०८२ ।०५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय र व्ययतर्फको रु.१,३५,९१,८०,४२८.५० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २३६७१९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | संघीय सशर्त तर्फ नर्मस भन्दा बढी भूक्तानि, नर्मस बाहेकको भूक्तानि र अनुगमन भत्ता लगाएतमा बढी भएको रकम असुल | १६५३२५ |
| २ | स्थानीय तर्फ अनुगमन भत्ता तथा विभिन्न कार्यक्रमहरुमा बढी भूक्तानि भएको रकम असुल | ६८१९४ |
| ३ | सेवाकालीन तालिम अवधीको स्थानीय भत्ता भूक्तानि रकम असुल | ३२०० |
| | जम्मा रु. | २,३६,७१९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तिय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाको अवलम्बन गरी सोही ऐनको दफा ७६(२) अनुसार महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसारको ढाँचामा पालिकाको आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको स्थानीय सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन र स्थानीय सञ्चित कोष वाहेकको अख्तियारीको आर्थिक विवरण सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

## २.१ प्राप्ति भुक्तानी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान र सहायता तथा स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययको आर्थिक वर्ष २०८१।८२ मा प्राप्ती र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| झिमरुकगाउँपालिका | | | | | |
| आर्थिक वर्ष २०८१।८२ को | | | | | |
| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
| **प्राप्ति** | | | **भुक्तानी** | | |
| **विवरण** | **रकम** | रकम | **विवरण** | **रकम** | **रकम** |
| सुरु मौज्दात | | ३९४४२३०१.५० | चालु खर्च | | ३३८६४६०७५.०१ |
| १. संचित कोष | २४३८०९०७.८८ | | १. पालिका तर्फ | १२४८३०९९४.६९ | |
| २. धरौटी | ७९०५१९२.०० | | २. संघीय सशर्त | २११३८९९३१.३२ | |
| ३. कार्य सञ्चालन कोष | २४२५२०१.६२ | | ३. संघीय विशेष | ०.०० | |
| ४. विविध कोष खाता | ४७३१०००.०० | | ४. प्रदेश सशर्त | १००७५३९.०० | |
| यस वर्षको आय | | | ५. प्रदेश विशेष | १४१७६१०.०० | |
| १. आन्तरिक आय | | १०६५२२७८.३९ | पुँजीगत खर्च | | १७०९३०४८४.०० |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ५१८४४६४८२.२४ | १. पालिका तर्फ | ५९६९३३४३.०० | |
| क) समानीकरण अनुदान | ९२७६९३६०.०० | | २. संघीय सशर्त | ९१९७५२९०.०० | |
| ख) राजस्व बाँडफाँट | ९१३३२६२२.२४ | | ३. संघीय विशेष | ०.०० | |
| ग) सशर्त अनुदान | ३२४३४४५००.०० | | ४. संघीय समपुरक | १००००००००.०० | |
| घ) समपुरक अनुदान | १००००००००.०० | | ५. प्रदेश सशर्त | ५७०६८२८.०० | |
| ङ) विशेष अनुदान | ०.०० | | ६. प्रदेश विशेष | | |
| च) रोयल्टी | ०.०० | | ७. प्रदेश समपुरक | ३५५५०२३.०० | |
| छ) अन्य | ०.०० | | अन्तर सरकारी अख्तियारी (संघ) | | १२७३२३७७४.०० |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | २५३५६४३४.६६ | क) सामाजिक सुरक्षा | १२५७८८७७४.०० | |
| क) समानीकरण अनुदान | ६७४८०००.०० | | ख) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | ५७००००.०० | |
| ख) राजस्व बाँडफाँट | ५८४९०००.६६ | | ग) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम | ९६५०००.०० | |
| ग) सशर्त अनुदान | ७६५००००.०० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | |
| घ) समपुरक अनुदान | ३६०९४३४.०० | | ऋण फिर्ता(साँवा) | | |
| ङ) विशेष अनुदान | १५००००००.०० | | ऋणको ब्याज भुक्तानी | | |
| च) रोयल्टी | ०.०० | | धरौटी फिर्ता तथा सदर स्याहा | १०३८१६८.०० | १०३८१६८.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| छ) अन्य | ०.०० | | कार्यसञ्चालन कोषबाट भएको खर्च | २८४८९२६.०० | २८४८९२६.०० |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १२७३२३७७४.०० | अनुदान फिर्ता | | |
| क) सामाजिक सुरक्षा | १२५७८८७७४.०० | | १. संघ तर्फ | | |
| ख) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | ५७००००.०० | | क) सशर्त अनुदान | | २०९७९२७८.६८ |
| ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९६५०००.०० | | ख) विशेष अनुदान | | ०.०० |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | | ग) समपुरक अनुदान | | ०.०० |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | २. प्रदेश तर्फ | | |
| ७. धरौटी आय | | ५४४५९७१.०० | क) सशर्त अनुदान | | ९३५६३३.०० |
| ८. कार्यसञ्चालन कोष आय | | ६२७५९४३.८३ | ख) विशेष अनुदान | | ८२३९०.०० |
| ९. अन्य कोषको आय | | ०.०० | ग) समपुरक अनुदान | | ५४४११.०० |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | अन्तिम मौज्दात | | ७२९४४४५०.६४ |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | १. संचित कोषको मौज्दात | ५००४८२३६.१९ | |
| १२. स्थानीय राजस्व बाडफाड | | २८४०४०४.७१ | २. धरौटी | १२३१२९९५.०० | |
| | | | ३. कार्य सञ्चालन कोष | ५८५२२१९.४५ | |
| | | | ४. विविध कोष खाता | ४७३१०००.०० | |
| **जम्मा** | | **७३५७८३५९०.३३** | **जम्मा** | | **७३५७८३५९०.३३** |

नेपालको संविधानको धारा २४१ को उपधारा ४ मा तीनै तहको सरकारको लेखा संघीय कानुन वमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा रहने व्यवस्था अनुरुप नेपाल सरकार मन्त्रिपरिषदबाट २०७६।१।१७ मा सवै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA) लागु गर्ने निर्णय भई कार्यान्वयनमा रहेको छ। स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA)अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) मा पालिकाले संघीय सरकारवाट अनुदान प्राप्त गरी कार्यान्वयन गरेको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,५७,८८,७७४.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ९,६५,०००.००, विद्यालय शिक्षा क्षेत्र योजनाको रु. ५,७०,०००.०० समेत रु. १२,७३,२३,७७४.०० समावेश भइ प्रतिवेदन भएको छैन। उल्लिखित अवस्थाले पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको देखिदैन। पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

२.२ **बैक हिसाव मिलानः**स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। स्थानीय तहमा रहेको

देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण अनुसार वर्षान्तमा स्रेस्ता र बैंक अनुसारको मौज्दात रु.७,३४,७२,७५७.६४ रहेको देखिन्छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार मौज्दात रु. |
|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५००४८२३६.१९ | ५००४८२३६.१९ |
| चालु खर्च खाता | ०.०० | ०.०० |
| पुँजीगत खर्च खाता | ०.०० | ०.०० |
| विविध खर्च खाता | ३०९४०२०.४५ | ३०९४०२०.४५ |
| विपद व्यवस्थापन खाता | २७५८१९९.०० | २७५८१९९.०० |
| स्थानीय विभाज्य कोष | ५२८३०७.०० | ५२८३०७.०० |
| कर्मचारी कल्याण कोष लगायत विविध कोष खाता | ४७३१०००.०० | ४७३१०००.०० |
| धरौटी मौज्दात | १२३१२९९५.०० | १२३१२९९५.०० |
| ग१.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० |
| **जम्मा** | **७३४७२७५७.६४** | **७३४७२७५७.६४** |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ जारी गरेको छ। जारी भएको आन्तरिक नियन्त्रण प्रणाली,२०७९ को बुँदा नं. २०.१ अनुसार गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा ८ सदस्यीय आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति रहेको र समितिले बुँदा नं. २०.३ अनुसार त्रैमासिक रुपमा बुँदा नं. २०.५ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। समितिबाट उल्लेखित अनुसार सुधार गर्नु पर्ने सुझाव सहितको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको त्रैमासिक रुपमा अनुगमन गरेको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गरेको देखिएन। लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कैफियत व्यहोरा निम्नानुसार रहेका छन्।

**बजेट व्यवस्थापन तर्फ**

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• उपभोक्ता समिति मार्फत सम्पादन भएको कार्यको परिमाण तथा लागत सँग उपभोक्ताले खरिद गरेको सामानको विल भरपाई भिडान हुने गरी अभिलेखाङ्कन गरेको देखिएन,

• शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

• दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

• अघिल्ला आर्थिक वर्षमा विनियोजन बजेट फ्रिज गरी दायित्व सृजना गर्ने कार्य बजेटको सिद्वान्त अनुसार भएको देखिएन,

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) तथा सार्वजनिक खरिद ऐन, २०६३ को ७४(३) अनुसार स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने, दफा ४१(२) बमोजिम रहने

समिति तथा भेरियशन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकावाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• झिमरुक गाउँपालिकाद्वारा २०७५ जेष्ठ २५ मा स्थानीय राजपत्रमा प्रकाशित स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(ट) अनुसार पालिकाले आयोजना सञ्चालन एवम् कार्यान्वयमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गरेको देखिएन,

• झिमरुक गाउँपालिकाद्वारा २०७५ जेष्ठ २५ मा स्थानीय राजपत्रमा प्रकाशित स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को बुँदा नं. ११(१) अनुसार उपभोक्ता समितिले एक व्यक्ति वा संस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत भुक्तानी गर्नु पर्नेमा सोको पालना गरेको देखिएन,

• विज्ञापन नियमन गर्ने ऐन,२०७६ र नियमावली, २०८० मा भएको व्यवस्था पालना गरी सुचना प्रकाशन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता राखेको देखिएन,

**शिक्षातर्फ**

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको देखिएन,

• स्थानीय तहले मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन।

**विविध तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका अधिकारको कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (स्थानीय, ग्रामीण, कृषि सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भुमि वर्गिकरण लगायत) आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी निरीक्षण गरी सोको कार्यान्वियन गरेको नदेखिएको,

• लेखा परीक्षण तथा वेरुजु व्यवस्थापन सम्वन्धी फारामहरु म. ले. प. फाराम ८०१ देखि ८०५ मध्ये पालिकासँग सम्वन्धित फारामको अभिलेख राखे नराखेको,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको ।

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी निर्देशिकाको कार्यान्वयन हुनु पर्दछ।

४ **दरबन्दी र पदपूर्तिः**

४.१ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ कर्मचारीको रु.१,९५,५७,८८४।०० र पालिकाका १९ कर्मचारीको रु.१,२९,१०,३१३।०० समेत रु.३,२४,६८,१९७।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४.२ **दरबन्दी तथा पदपूर्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरवन्दी संरचना कायम गरेको छ । पालिकामा विषयगत शाखा तर्फ समेत गरी ७१ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ५५ स्थायी पदपूर्ति र १६ पद रिक्त रहेको विवरण पेश भएको छ। जस मध्ये शिक्षा अधिकृत-१, अधिकृत प्रशासन-२, लेखा अधिकृत-१, कृषि/पशु अधिकृत -२, प्रशासन सहायक पाचौं- २, सहायक प्रशासन चौथौ-३, प्रा स-२, स ई-२, लगायतका महत्वपूर्ण १६ पद रिक्त रहेका छन। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने भएकोले रिक्त पदहरु समयमै पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराउने अनुदानलाई व्यवस्थित, जिम्मेवारी, पारदर्शीता, उत्तरदायित्व, जवाफदेहिता र एकरुपता कायम गरी लक्षित वर्गसम्म अनुदानको पहुँच पुर्‍याउन र कार्यक्रमलाई प्रभावकारी ढंगवाट कार्यान्वयन गरी लक्षित नतिजा हासिल गर्न अनुदान व्यवस्थापन सम्वन्धी कार्यविधि, निर्देशिका वा मापदण्ड तयार गर्नु पर्दछ। पालिकाले निम्नानुसार अनुदान कार्यक्रम सञ्चालन गरेकोमा कार्यक्रमलाई प्रभावकारी ढंगवाट कार्यान्वयन गर्नको लागि उल्लेखित अनुसारको अनुदात वितरण कार्यविधि तयार गरेको देखिएन। पालिकाले उपलब्ध गराउने अनुदानलाई व्यवस्थित, पारदर्शीता तथा एकरुपता कायम गरी लक्षित वर्गसम्म अनुदानको पहुँच पुर्‍याउन र कार्यक्रमलाई प्रभावकारी ढंगवाट कार्यान्वयन गरी लक्षित नतिजा हासिल गर्न अनुदान व्यवस्थापन सम्वन्धी कार्यविधि तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदानको प्रकार | विनियोजित रकम | शिर्षकबाट खर्च भएको रकम | गाउँपालिकाले दिएको अनुदान | कृषक समूह/ कृषकले व्यहोरेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नयाँ सुन्तला जात पकेट विकास कार्यक्रम | ५० प्रतिशत लागत साझेदारी | १२००००० | ११२२८२५ | १०१३८९२ | ९९०४६३ | संघीय सशर्त |
| २ | मकै प्रवर्द्धन कार्यक्रम | ५० प्रतिशत लागत साझेदारी | ७००००० | ७००००० | ६०७१४९ | ५९६८३४ | संघीय सशर्त |
| ३ | खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान (धान, गहुँ) | ५० प्रतिशत अनुदान | ७३६००० | ३१५९१३ | १७२२६३ | १७२२६३ | संघीय सशर्त |
| ४ | आलुको बिउमा अनुदान कार्यक्रम | बिउमा ५० प्रतिशत अनुदान, ढुवानिमा शत प्रतिशत अनुदान | ६२०००० | ३५६२०० | ३५६२०० | २८१२०० | राजश्व बाँडफाँड- संघीय सरकार |
| ५ | तरकारीको बिउ खरिद र वितरण कार्यक्रम | शत प्रतिशत अनुदान | ३००००० | २९४९९८ | २९४९९८ | खरिद गरि कृषकहरुलाई वितरण गरेको | गा.पा. आन्तरिक श्रोत |
| ६ | आकस्मिक बाली संरक्षण कार्यक्रम | शत प्रतिशत अनुदान | ४२०००० | ४००८७२ | ४००८७२ | खरिद गरि कृषकहरुलाई वितरण गरेको | गा.पा. आन्तरिक श्रोत |
| ७ | अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा कार्यक्रम | रु १०८२० को ९.३७ प्रतिशत रकम पालिकाले व्यहोरेको (६ जना कृषकहरुको) | ५००००० | २००६२ | १२१६६.००८ | १४२४२.४ | राजश्व बाँडफाँड- स्थानीय |

## ६ खर्चको प्रकृति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिका तथा वडातर्फ सञ्चालन भएका केहि कार्यक्रम वितरणमुखी तथा अनुत्पादक खालका रहेकाले यस्ता कार्यक्रमहरुलाई न्यूनिकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च आवश्यकता तथा औचित्यतामा आधारित रहि गर्नु पर्ने र सुबिधा प्राप्त गर्ने लाभग्राहीको नामनामेशी सहितको विवरण सार्वजनिक गर्नु पर्दछ।यस किसिमका वितरणमुखी खर्चका केही उदाहरणहरु देहाय बमोजिम छनः

| गो.भौ.नं. | विवरण | खर्च रकम |
|---|---|---|
| ८२।०८१।७।२७ | वडा नं १ मा महिलाका लागि तिज गित प्रयोगिता | ५०,०००।०० |
| १२९।०८१।८।१२ | वडा नं २ मा महिलाका लागि तिज गित प्रयोगिता | ५०, ०००।०० |
| १६७।०८१।८।२५ | द्धादशी मेला व्यवस्थापन कार्यक्रम वडा नं ८ | १, ८८ , ४००।०० |
| २१०।०८१।९।७ | सुवा दिवस कार्यक्रम | ३१,५५०।०० |
| १३१।०८१।८।१२ | वडा नं २ मा युवा तथा बालबालिकाका लागि खेलकुद सामाग्रि वितरण | ७०,०००।०० |
| ६६०।०८२।३।१२ | नेपाल राष्ट्रिय मा वि को स्वर्ण महोत्सव मनाउन | ५०,०००।०० |
| ६९२।०८२।३।१३ | बलभद्र मा वि नेपाल जुनियर रेडक्रस गोष्ठीका लागि | ६०,०००।०० |
| ८६९।०८२।३।२३ | नेपाल राष्ट्रिय मा वि स्वर्ण महोत्सव मनाउन | ५०,०००।०० |
| ८९०।०८२।३।२४ | शिशु कक्षा शैक्षिक सामाग्रि वितरण वडा नं ४ मा | ९६,१००।०० |
| ८९५।०८२।३।२४ | वडा नं ३ का सबै विद्यार्थिहरुलाई शैक्षिक सामाग्री वितरण | १,४८,८९९।०० |

## ७ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्य जिम्मेवारी पुरा गर्न पालिकाले २०८१।८२ को अन्त्य सम्म ऐन, ३८, नियमावली ४, कार्यविधि ६४, मापदण्ड ५, निर्देशिका १३ र दिग्दर्शन ३ वटा स्थानीय राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ।

| क्र.सं. | २०८०।०८१ सम्म निर्माण भएका | २०८१।०८२ मा नयाँ निर्माण भएका कानुन | २०८१।८२ को अन्त्यसम्म |
|---|---|---|---|
| १ | नियमावली-३ | नियमावली-१ | नियमावली-४ |
| २ | कार्यविधी-५३ | कार्यविधी-११ | कार्यविधी-६४ |
| ३ | ऐन-३६ | ऐन-२ | ऐन-३८ |
| ४ | मापदण्ड-५ | मापदण्ड-० | मापदण्ड-५ |
| ५ | निर्देशिका-११ | निर्देशिका-२ | निर्देशिका-१३ |
| ६ | दिग्दर्शन-१ | दिग्दर्शन-२ | दिग्दर्शन-३ |
| **जम्मा** | १०९ | १८ | १२७ |

## ८ आर्थिक सहायता

पालिकाले आफ्नो क्षेत्रमा रहेका आर्थिक रुपमा विपन्न, असहाय, जोखिममा परेका, दिर्घरोगी, हिंसा पिडित, प्राकृतिक प्रकोप वा अन्य विपतमा परेका व्यक्ति वा परिवारलाई आर्थिक सहायता उपलब्ध गराउन आर्थिक सहायता सम्बन्धि कार्यबिधि,२०८१ तयार गरी लागु गरेको छ । पालिकाले माथि उल्लेख भएका अवस्थाका व्यक्ति वा परिवार तथा संघ संस्थालाई आर्थिक सहायता वितरणमा यस वर्ष रु.१६,१५,०००।०० खर्च गरेको छ । यसरी आर्थिक साहयता वितरण गर्दा वास्तविक गरिब, असहाय तथा पिडित पक्षको पहिचान गरेरमात्र यस प्रकारको सहायता उपलब्ध गराउने तथा यसरी आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति र संघ सस्थाको नामनामेशी समेत सार्वजनिकरण गर्नुपर्दछ । यसरी आर्थिक सहयाता वितरण गर्दा आफ्नो आन्तरिक आय समेत मध्यनजर गरी विकास निर्माण तथा उत्पादनमुलक कार्यका लागि रकम आभाव नहुने गरी आर्थिक साहयता वितरण हुनु पर्दछ ।

## ९ न्याय सम्पादन

पालिका वाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षको जिम्मेवारी सरी आएको १३ र यस वर्षको २७ समेत ४० उजुरी रहेकोमा २४ उजुरी फर्स्यौट भई १६ उजुरी वाँकी रहेको देखियो। पालिकाले प्राप्त उजुरी कानुन अनुसार फर्स्यौट गर्नु पर्दछ।

१० **सहकारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ख) अनुसार स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्था सम्वन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने कार्य सम्वन्धित स्थानीय तहको हुने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार पालिकाको भौगोलिक क्षेत्रभित्र रहेका ३० सहकारी संस्था मध्ये एक खारेज भई वाँकी २९ मध्ये २ वटा सहकारी संस्था सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (copomis) मा अभिलेख अद्यावधिक भएको छैन। पालिकाले २०८१।११।२ मा तयार गरेको सहकारी संस्थाहरुको अनुगमनको प्रतिवेदन अनुसार ५ वटाको सुधार उन्मुख रहेको, १० वटाले नियमित साधारण सभा तथा संचालक समितिको बैठक नियमित नराखेको र व्यवस्थित लेखा प्रणाली समेत नभएकोले सुधार गर्नुपर्ने, कुल सेयर पुँजि रु. ५४ लाख ६५ हजार, वचत रु. १ करोड ४६ लाख ७० हजार र कुल लगानी रु. १ करोड ८५ लाख १७ हजार भएका नविन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भुल्के महादेव कृषि सहकारी संस्था लिमिटेड, मच्छी कृषि सहकारी संस्था लिमिटेड, आयुष्मा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, परिबर्तनशिल बहुउद्देश्य सहकारी संस्था लिमिटेड, जय हरियाली सहकारी संस्था लिमिटेड समेत ६ सहकारी सस्थाले संचालक समितिको निर्णय विना कारोवार गरेको तथा लेखापरीक्षण समेत नगरेकोले व्यापक सुधार गर्नु पर्ने र ७ वटा निष्कृय अवस्थामा रहेकाले खारेज गर्नुपर्ने बेहोरा समावेश गरेको देखियो । पालिकाले विद्यमान कानुन तथा कार्यविधि अनुसार अनुगमन प्रतिवेदनमा समावेश व्यहोरा कार्यान्वियन गर्नु पर्दछ।

११ **स्वास्थ्य सेवा प्रवाहः**

पालिकाले नेपालको संविधानको धारा ३५ (१) तथा जनस्वास्थ्य सेवा ऐन,२०७५ को दफा ३ (४) मा उल्लिखित आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने नागरिकको हकलाई कार्यन्वयन गर्न तथा आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रममा उल्लेखित स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउने प्रावधान उल्लेख छ। उक्त प्रावधान कार्यान्वयन गर्न स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धि कार्यबिधि,२०७५ (दोस्रो संशोधन,२०८१) को बुँदा नं. ५(४) मा १ हेल्थ असिस्टेण्ट वा अ.हे.व, १ स्टाफ नर्स वा अनमि र १ कार्यालय सहयोगी समेत ३ जना करारमा लिई बुँदा नं. ३ अनुसार स्थानीय तहका सवै वडाहरुबाट तोकिएको स्वास्थ्य सेवा प्रवाह गर्ने उल्लेख छ। गाउँकार्यपालिकाको २०७६।८।१५ को निर्णय नं. ५ अनुसार वडा नं. ३ को आहाल्खोला, वडा नं.४ को बांगेफेदी गोलखाडा, वडा नं.८ को तिमुरचौरमा ३/३ कर्मचारी करारमा व्यवस्थापन गरी २०७६।११।३० गते देखि आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भएको देखियो। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा जनशक्ति करारमा रु.२८,७०,७००, कार्यालय व्यवस्थापनमा रु.१,८७,५०० समेत रु.३०,५८,२००।०० खर्च भएको छ। गाउँपालिकाको कार्यात्मक विश्लेषण सहितको संगठन तथा ब्यबस्थापन सर्वेक्षण प्रतिबेदन,२०७९ गाउँ सभावाट पारित गरी कार्यविधि अनुसारको जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य सस्था नभएका ३ वटा वडा सहित पालिकाको ८ वटा वडावाट स्वास्थ्य सेवा प्रवाह भएको देखियो।यस वर्ष स्वास्थ्य संस्थाबाट प्रवाह भएको सेवाको विवरण निम्नानुसार छः

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | खोप सेवा - पूर्ण खोप | ४०३ |
| २ | परिवार योजना सेवा | २७५१ |
| ३ | आमा सुरक्षा कार्यक्रम अन्तर्गतका विभिन्न सेवा | ६४९ |
| ४ | क्षयरोग उपचार सेवा | ४५५ |
| ५ | मानसिक स्वास्थ्य सेवा | २४ |
| ५ | नसर्ने रोगको स्क्रिनिङ्ग सेवा | ७०० |
| ६ | नवशिशु / बाल रोग स्वास्थ्य व्यवस्थापन सेवा | २९३२ |
| ७ | पोषण स्वास्थ्य सेवा | ६१९ |
| ८ | किशोरकिशोरी कार्यक्रम | १०८३ |
| ९ | विद्यालय स्वास्थ्य पोषण कार्यक्रम | ११७०५ |
| १० | महिला स्वास्थ्य स्वयंसेविकाहरुले प्रदान गरेको सेवा | १३९५३ |
| ११ | बहिरङ्ग सेवा | ४५३१० |
|  | जम्मा | ८०५८४ |

## १२ सुरक्षित नागरिक आवास कार्यक्रम

सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यविधि, २०७५ (२०७७।१।८ को संशोधन समेत) को दफा ४ अनुसार छनौट भएका लाभग्राहीलाई दफा ५ अनुसार जस्तापाता र काठ लगायतको सामाग्री खरिद गर्न पहिलो किस्ता ६० प्रतिशत र स्थानीय तहको प्राविधिकवाट निर्माण कार्यसम्पन्न भएको आधारमा ४० प्रतिशत दोस्रो तथा अन्तिम किस्ता उपलव्ध गराउन सक्ने व्यवस्था रहेको छ। संघीय सरकार हस्तान्तरण तर्फ सुरक्षित नागरिक आवास कार्यक्रममा रु. १५,००,०००।०० विनियोजन भएकोमा रु. १३,३९,०७५.०० खर्च भएको देखियो। छनौट तथा सम्झौता भएका २०० घर धुरी मध्ये १०९ लाई २०७९।८० सम्म रु. ५०,०००।०० का दरले भुक्तानी भई वाँकी ९१ सम्झौता मध्ये २०८१।८२ सम्म ५७ को भुक्तानी भएको विवरण निम्नानुसार छ। पालिकाले कार्यान्वियन हुन वाँकी रहेका ३४ सम्झौता कार्यान्वियन गरी सुरक्षित नागरिक आवास कार्यक्रम सम्पन्न गर्नु पर्दछ।

| **आर्थिक वर्ष** | **सम्झौता सँख्या** | **बजेट** | **भुक्तानी** | | **विल अनुसार खर्च** |
|---|---|---|---|---|---|
| | | | **सँख्या** | **रकम दर** | |
| २०८०।८१ | ९१ | २७ लाख | ३७ | ७५००० | २६९२२२३ |
| २०८१।८२ | | १५ लाख | २० | ७५००० | १३३९०७५ |
| **जम्मा** | **९१** | | **५७** | | १३,३९,०७५।०० |

## १३ झोलुङ्गे पुल

लुम्विनी प्रदेश सरकारको झोलुङ्गे पुल रणनीति¸२०८० अनुसार आवश्यक र सम्भाव्य स्थानमा झोलुङ्गे पुलको निर्माण गर्ने¸ निर्माण सम्पन्न भइसकेका झोलुङ्गे पुलहरुको मर्मत संभार गरी आधारभूत स्तरको यातायात उपलव्ध गराउने तथा झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनमा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने रणनीति रहेको छ। उक्त रणनीति कार्यान्वयन गर्न स्थानीय जनतालाई नदी¸ खोला तथा खोल्सा तर्न आधा घण्टा भन्दा वढीको फेरो लगाउन नपर्ने गरी आवश्यक र संभाव्य सवै स्थानहरुमा झोलुङ्गे पुलहरु निर्माण गर्ने कार्य ५ वर्ष भित्र सम्पन्न गर्ने¸ निर्माण सम्पन्न झोलुङ्गे पुलको सूचना प्रणाली व्यवस्थित गरी दीगो रुपमा सञ्चालन गर्न नियमित तथा बृहत मर्मतको लागि स्थानीय तहसँग आवश्यक सहकार्य र समन्वय गर्ने कार्यनीति अवलम्वन गर्ने उल्लेख छ। पालिकाको क्षेत्रमा सम्पन्न

भएका झोलुङ्गे पुलको अवस्थितिको सूचना प्रणालि नरहेको¸ आर्थिक वर्ष २०८१।८२ मा प्रदेश सरकारवाट निर्माण तथा मर्मत अनुदान प्राप्त नगरेको र गाउँपालिकाले चिसाबाङ्ग झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई रु.७,३४,४१६.०० अन्तिम किस्ता भुक्तानी गरेको देखियो। स्थानीय जनतालाई सुविधा हुने सुनिश्चिताको लागि रणनीति अनुसार झोलुङ्गे पुल निर्माण तथा मर्मत गर्न पालिकाले बजेट व्यवस्थापन गर्ने वा संघ तथा प्रदेशवाट अनुदान प्राप्त गरी सोको सहि परिचालन गर्नु पर्दछ।

## १४ बोलपत्र तथा सिलवन्दी दरभाउपत्रबाट खरिद

पालिकाले गरेको निम्नानुसार वोलपत्र तथा शिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद सम्झौता गरेको कार्यको लागत अनुमानको भन्दा ३१.६५ देखि ६३.८४ प्रतिशतसम्म घटिमा सम्झौता भएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माणव्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटिप्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १। ०८१। ८२ | नब्बे भेडावारी नारीकोट मोटरबाटो स्तरोन्नती | साहिल कन्स्ट्क्सन | ६७९८१४० | ३९१५४६७.१८ | ४२.४० |
| २ | २। ०८१। ८२ | बालुवा बडाचौर चिफ्लेटी काउलेफेदी मोटरबाटो स्तरोन्नती | माता मल्लरानि निर्माण सेवा | ६७९१५४५ | ४४९८०३२.२४ | ३३.७७ |
| ३ | ३। ०८१। ८२ | बाम्दुला मच्छि सडक स्तरोन्नती | कार्कि अम्रित जेभि | ४८५१११७२.३७ | ३०५९०४८९.५५ | ३६.९४ |
| ४ | ४। ०८१। ८२ | वडा नं ७ को वडा कार्यालय भवन निर्माण | दिब्याङ्गा निर्माण सेवा | ८५४९१६८ | ५८४३६९८.०१ | ३१.६५ |
| ५ | ७। ०८१। ८२ | स्टेशनरी र कार्यालय सञ्चालन तथा अन्य सामानको खरिद। | स्वस्तिक अफसेट प्रेस एण्ड स्टेशनरी, वुटवल | १९९९०००.०० | १३१०७५९.३२ | ३४.४३ |
| ६ | ५। ०८१। ८२ | आधारभूत तथा आकास्मिक स्वस्थ सेवाको लागी औषधि खरिद | हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि., मैतिदेवी | १७००००० .०२ | ६६७६१२.४८ | ६०.७३ |
| ७ | ६। ०८१। ८२ | आधारभूत तथा आकास्मिक स्वस्थ सेवाको लागी सर्जिकल समग्रि खरिद | चिराग फार्मेसी प्रा.लि., रानिपौवा | ७९९९९९.४९ | ४०४२१७.९५ | ४९.४७ |
| ८ | ९। ०८१। ८२ | पशु चिकित्सा औषधि खरिद | नेचर भेट सप्लायर्स प्रा.लि., नरेफांट | ९९९८०७.०० | ४६७१६९.८० | ५३.२७ |
| ९ | १०। ०८१। ८२ | सेनेटरी प्याड खरिद। | ए.जि. हेल्थ इण्डष्ट्रिज प्रा.लि., माधवलिया | १७२९९४५.०० | ६२५५११.७८ | ६३.८४ |

उल्लेखित विवरण अनुसार निर्माण तर्फ पालिकाले तयार गरेको लागत अनुमान भन्दा ४२.४० प्रतिशत घटीसम्म र मालसामान खरिद तर्फ ६३.८४ प्रतिशत घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी खरिद कार्य भएको देखिन्छ। निर्माण तथा मालसामान खरिद सम्झौताको कार्यान्वयन गर्दा सम्झौतामा समावेश स्पेशिफिकेशन र तोकेको गुणस्तरमा निर्माण कार्य सम्पन्न भएको तथा मालसामान

आपुर्ति भएको सम्वन्धमा पालिकाले ध्यान दिनु पर्दछ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा प्रयोग गर्ने मितव्ययी नर्म्स तथा पालिकाको स्थानीय दररेट समेत निर्धारण गर्नुपर्ने देखिन्छ।

१५ **आवधीक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, वालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा समाजिक समावेशीकरण जस्ता अन्तरसम्वन्धित विषयलाई ध्यान दिई सोही ऐनको दफा २४(१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाले पहिलो आवधिक योजना आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्म लागु गरेकोमा सोको प्राप्ती तथा उपलव्धी सहितको समिक्षा गरी दोस्रो आवधिक योजना तयार गरेको देखिएन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार स्थानिय तहको समग्र क्षेत्रको व्यवस्थित विकासको लागि आवधिक योजनाको कार्यान्वयन पश्चात समिक्षा गर्नु पर्दछ।

१६ **मध्यमकालिन खर्च संरचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित अनुसार मध्यकालिन खर्च संरचना तयार गरेको देखिदैन। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्दछ।

१७ **योजना कार्यान्वयन अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा रु. २० लाख भन्दा माथी ११, रु. ५ लाख देखि २० लाख सम्म १५ र रु. ५ लाख भन्दा कम बजेट भएका २२६ समेत कुल २५२ योजना छनौट भई कार्यान्वयन भएको देखियो।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाख माथिका योजना सङ्ख्या | रु. ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या | कार्यान्वयन भएका योजना संख्या | कार्यान्वयन नभएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २५२ | ११ | १५ | २२६ | २५२ | ० |

पालिकावाट प्राप्त विवरणअनुसार छनौट भएका योजनाहरु साना स्तरका रहेको देखिन्छ। योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१८ **वार्षिक योजना तथा बजेट प्राथमिकता**

आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक

समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने लगायतका स्थानीय तहका आवश्यकताका आधारमा स्थानीय तहले बार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। पालिकाले रु.६० करोड १० लाख बजेट मध्ये आर्थिक विकासमा ६.२४ प्रतिशत, सामाजिक विकासमा ६२.७६ प्रतिशत, पूर्वाधार विकासमा १२.८२ प्रतिशत, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा २.७८ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा विनियोजन भएको देखियो। विनियोजन भएको बजेट मध्ये सवैभन्दा घटी आर्थिक विकासमा ६७.६५ प्रतिशत र सवै भन्दा वढी सामाजिक विकासमा ९२.७९ प्रतिशत खर्च भई समग्रमा ८४.७८ प्रतिशत खर्च भएको छ। उपक्षेत्र तर्फ वातावरण तथा जलवायु, योजना तर्जुमा र कार्यन्वयन र प्रशासकीय सुशासनमा विनियोजन भएको रु.२० लाख १० हजार कार्यान्वियन भएको देखिदैन। पालिकाले सन्तुलित बजेट तथा कार्यक्रम निर्धारण गरी सोको कार्यान्वियन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| क | आर्थिक विकास | ३७४९०००० | २५३६३३७५.४२ | ६७.६५ |
| १ | कृषि | १२४२६००० | ६५४५२३४.४२ | ५२.६७ |
| २ | उद्योग | २८००००० | २५९२२४४.०० | ९२.५८ |
| ३ | पर्यटन | ८५५०००० | ६४८९८८८.०० | ७५.९१ |
| ४ | सहकारी | १५१०००० | ५५७७६८.०० | ३६.९४ |
| ५ | जलश्रोत तथा सिंचाई | ८५८५००० | ७९५१४६७.०० | ९२.६२ |
| ६ | पशुपन्छी विकास | २१७०००० | ९७८१०७.०० | ४५.०७ |
| ७ | भूमि व्यवस्था | १४४९००० | २४८६६७.०० | १७.१६ |
| ख | सामाजिक विकास | ३७७१८५१३६ | ३४९९८०५८२.९० | ९२.७९ |
| १ | शिक्षा | २५१६४४८५० | २३२८६०९१४.८० | ९२.५४ |
| २ | स्वास्थ्य | १०७७८३५०० | १०२७५७६९८.१० | ९५.३४ |
| ३ | खानेपानी तथा सरसफाई | ७७१२२८६ | ६०४०७६२.०० | ७८.३३ |
| ४ | भाषा तथा संस्कृति | ११००००० | ७२८१८६.०० | ६६.२० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १६२०००० | १४२९००२.०० | ८८.२१ |
| ६ | युवा तथा खेलकुद | ६०१०५०० | ४९२५६६७.०० | ८१.९५ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १३१४००० | १२३८३५३.०० | ९४.२४ |
| ग | पूर्वाधार विकास | ७७०७१७१४ | ५४३९८८०४.०० | ७०.५८ |
| १ | यातयात पूर्वाधार | ६३१२२७१४ | ४६००९७८६.०० | ७२.८९ |
| २ | भवन आवास तथा सहरी विकास | १२४९९००० | ६९५५५०६.०० | ५५.६५ |
| ३ | सम्पदा पूर्वाधार | १४५०००० | १४३३५१२.०० | ९८.८६ |
| घ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६६७८००० | ११५३७९५५.०० | ६९.१८ |
| १ | वातावरण तथा जलवायु | ८५०००० | ०.०० | ० |
| २ | विपद व्यवस्थापन | १९५०००० | १७७५८७९.०० | ९१.०७ |
| ३ | मानब संशाधन विकास | ८०००० | ८००००.०० | १००.०० |
| ४ | शान्ति तथा सुव्यवस्था | ४०००० | २००००.०० | ५०.०० |
| ५ | कानुन तथा न्याय | १९२०००० | १४८५०५१.०० | ७७.३४ |
| ६ | शासन प्रणाली | २६६२००० | १०१०१९०.०० | ३७.९५ |
| ७ | श्रम तथा रोजगारी | ७९६६००० | ७११६८३५.०० | ८९.३४ |
| ८ | योजना तर्जुमा र कार्यन्वयन | ११००००० | ०.०० | ०.०० |
| ९ | अनुगमन तथा मूल्यांकन | ५०००० | ५००००.०० | १००.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | प्रशासकीय सुशासन | ६०००० | ०.०० | ०.०० |
| ङ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२५७५११५० | ६८२९५८४१.६९ | ७३.७७ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२५७५११५० | ६८२९५८४१.६९ | ७३.७७ |
| | **कुल जम्मा** | **६०१००००००** | **५०९५७६५५९.०१** | **८४.७८** |

## १९ वार्षिक नीति तथा कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको बजेट प्रक्षेपण गरी निम्नानुसार प्रकृया पुरा गरी राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नु पर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा नीति तथा कार्यक्रम २०८१।३।१० मा स्वीकृत भई २०८१।३।२८ मा रु. ६० करोड १० लाखको बजेट स्वीकृत भई पालिकाको अध्यक्षले २०८१।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष २०८१।८२ को बजेट तर्जुमा गर्दा सो आर्थिक वर्ष वाहेक थप दुई आर्थिक वर्षको बजेट प्रक्षेपण नगरेको तथा आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रममा योजना बैंकमा आधारित रही योजना सञ्चालन गर्ने उल्लेख रहेकोमा २०७८।३।१७ को सभाको १० औँ बैठकको निर्णयानुसार योजना वैंक तयार गरेकोमा लागत तथा सम्भाव्यता सम्वन्धमा विस्तृत रुपमा प्राविधिक अध्ययन भई वार्षिक रुपमा कार्यान्वियन भएको समिक्षा समेत गरी आगामी वर्षको लागि कार्यक्रम निर्धारण नभएको, मध्यकालिन खर्च संरचना अध्यावधिक नभएको, आवधिक योजना तयार नपारेको, एक वडा एक गौरब आयोजना छनौट गर्ने उल्लेख भएकोमा गौरबको आयोजना नामाकरण नगरेको, निजि विद्यालयहरुमा नियमानुसार छात्रवृत्तीको कोटामा पढ्ने विद्यार्थीहरुको हक सुनिश्चित गर्ने उल्लेख भएकोमा कार्यान्वियन नभएको अवस्था छ। ऐन अनुसार थप दुई आर्थिक वर्षको समेत बजेट प्रक्षेपण गरी यथार्थ परक योजना वैंक स्वीकृत गरी सो अनुसार वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका व्यहोरा कार्यान्वियन गर्नु पर्दछ।

| बेहोरा | कामको विवरण | मिति | स्थानिय सरकार सञ्चालन ऐन, २०७४ | कैफियत |
|---|---|---|---|---|
| राजश्व परामर्श समिति | स्रोत अनुमान | २०८०।१२।२८ को निर्णय अनुसार | दफा ६५ अनुसार राजश्व अनुमान गर्नुपर्ने | सम्पन्न |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | बजेट सीमा निर्धारण गरी विषयगत शाखा तथा वडा समितिलाई उपलव्ध गराएको | २०८०।१२।२९ मा सिमा निर्धारण भएको। | दफा ६६ अनुसार फागुन महिना भित्र थप २ वर्षको बजेट प्रक्षेपण समेत गरी चैत्र १५ भित्र विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलव्ध गराउनु पर्ने | थप एक वर्षको मात्र बजेट प्रक्षेपण गरेको |
| विषयगत तथा वडा समिति | सिमा अनुसार कार्यक्रम तथा बजेट निर्धारण | २०८१।२।२९ सम्म भएको। | सिमा निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने व्यवस्था | सम्पन्न |
| बजेट तथा कार्यक्रम तर्जुमा समिति | बजेट तथा कार्यक्रम निर्धारण | २०८१।३।६ मा कार्यपालिकामा पेश | बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने | सम्पन्न |
| कार्यपालिका | बजेट तथा कार्यक्रम स्वीकृत | २०८१।३।७ पारितको लागि सभामा पेश | दफा ७१(१) अनुसार असार १० सम्म सभामा पेश गर्नु पर्ने | समयमै पेश |
| गाउँसभा | बजेट तथा कार्यक्रम स्वीकृत | २०८१।३।१० प्रस्तुत गरी २०८१।३।२८ मा स्वीकृत | दफा ७१(६) अनुसार असार मसान्तसम्म पारित गरिसक्नु पर्ने | समयमै पारित |

२० **राजश्व अनुमान तथा प्राप्ति**

पालिकाको निम्नानुसार शीर्षकमाआर्थिक वर्ष २०७९।८० मा रु. ६५,४६,३७८.०० र २०८०।८१ मा रु.७३,२८,४८८.६० आम्दानी प्राप्त गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा अनुमान रु.५८ लाख गरी रु.१,०६,५२,२७८.३९ प्राप्ति गरेको देखिन्छ।

| सि.नं. | राजश्वको नाम | २०७९।८० को असूली | २०८०।८१ को असूली | २०८१।०८२ को अनुमान | २०८१।०८२ को असुली |
|---|---|---|---|---|---|
| १ | सम्पती कर | ४५४८०० | ३९०२१२.४७ | ७००००० | ७११९८१.३ |
| २ | भुमिकर/मालपोत | ७९६५०४ | ६२२०२१.०५ | ८५०००० | १४३४६२७.६८ |
| ३ | वहाल कर | २५०७८१ | ३२९०३२ | १५०००० | १८१७५७ |
| ४ | वहाल विटौरी कर | ० | ३५०० | ७००० | ८५०० |
| ५ | सवारी साधन कर (साना सवारी) | ० | १८००० | २२००० | ३१४८०१८ |
| ६ | अन्य मनोरञ्जन कर | ० | ० | ५००० | ० |
| ७ | व्यवसायले भुक्तानी गर्ने | ० | ५८७५० | ० | ५००० |
| ८ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ० | ० | ५१७१६.४ |
| ९ | अन्य कर | ० | ५२९६४० | ० | १७४१६२ |
| १० | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | १२८७३८ | ० | २३९१३ |
| ११ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | २०० | ० | ० |
| १२ | अन्य बिक्रीबाट प्राप्त रकम | ९६४६९ | २००० | ४५०००० | ० |
| १३ | निजी धारा वापतको शुल्क | ० | २०० | ० | ० |
| १४ | विद्युत सेवा शुल्क | ० | १४०० | ० | ४७०० |
| १५ | न्यायिक दस्तूर | ० | ७६०० | ० | २०५०० |
| १६ | परीक्षा शुल्क | ० | २८५०० | ० | ० |
| १७ | यातायात क्षेत्रको आम्दानी | ० | २६० | ० | ० |
| १८ | अन्य प्रशासनिक सेवा शुल्क | २०३८८५६ | ४५१८३५ | २५०००० | ३६२३७० |
| १९ | नक्सापास दस्तुर | ० | १६८१४ | ० | ९८४८.१४ |
| २० | सिफारिश दस्तुर | १३९९८९५ | २२५२९३८ | १७४६००० | १९८०४३१.३१ |
| २१ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४४३६८० | ४५१०६० | ४००००० | ५१०८०० |
| २२ | नाता प्रमाणित दस्तुर | १५६५४२ | १४७३७० | ३००००० | २०४५०० |
| २३ | अन्य दस्तुर | १७०६६४ | ३५३११०.५८ | ५०००० | ८५७०९८.५६ |
| २४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १०८०० | ० | १७६२५ |
| २५ | विद्युत सम्बन्धी दस्तुर | ० | २९०० | ० | १०५० |
| २६ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ० | ० | १००० |
| २७ | अन्य क्षेत्रको आय | ० | ८८४२१५ | ० | २४०४१० |
| २८ | चालु हस्तान्तरण | ० | ० | ० | १००० |
| २९ | अन्य राजस्व | ० | ४६८५७.५ | ० | १९३०५ |
| ३० | व्यवसाय कर | ७३८१८७ | ५९०५३५ | ८७०००० | ६८१९६५ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | ६५४६३७८ | ७३२८४८८.६ | ५८००००० | १०६५२२७८.३९ |

२०.१ आन्तरिक आम्दानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले सम्पती कर, भुमिकर/मालपोत, वहाल कर, वहाल विटौरी कर, विज्ञापन कर, सवारी साधन कर (साना सवारी) लगायत आम्दानी प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ मा राजश्वको अनुमान रु. ५८,००,०००.०० गरेकोमा प्राप्ती रु.१,०६,५२,२७८.३९ भएकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले प्रदान गर्ने सेवा प्रवाहसँग भिडान गरी सो अनुसार राजश्व प्राप्त भई समयमा दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिदैन। नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न गराउनु पर्दछ।

२०.२ दहत्तर वहत्तर आम्दानी

पालिकाको क्षेत्राधिकार भित्र पर्ने झिमरुक र गर्तङ्ग खोलाको नदीजन्य पदार्थ उत्खनन तथा विक्रीको लागि पालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार पालिकाको क्षेत्राधिकारभित्र पर्ने झिमरुक नदीको ८ घाटबाट १७५१९.१ घन मिटर र गर्तङ्ग खोलाबाट ५१७.३ गरी कुल १८०३६.४ घन मिटर ढुङ्गा, गिटी तथा वालुवा गरी ३ प्रकारको नदीजन्य पदार्थ उत्खन्न गर्न सकिने र लुम्विनी प्रदेशको आर्थिक ऐन अनुसार ढुङ्गा, गिटी तथा वालुवा प्रति घन फुट रु.६ को दरले मूल्य अभिवृद्धि कर समेत रु.४३,१८,५४१।०० आय हुने उल्लेख छ। पालिकाले उक्त प्रयोजनका लागी विभिन्न मितिमा निम्न लिखित सूचना तथा सम्झौता मार्फत उत्खनन् कार्य सञ्चालन गरेको छ।

| क्र.सं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (IEE प्रतिवेदन अनुसार) (घ. मि) | न्यूनतम आय अनुमान रु. | निर्माण व्यवसायी | सम्झौता मिती | सम्झौता रकम रु. | आम्दानी रु. | उत्खनन् परिमाण (घ. मि) |
|---|---|---|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | खमारी घाट क्षेत्र (१) र ढुंगा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन् कार्य | ६४६१.९० | १३६९१९९.०७ | अमृता कस्ट्रक्सन | २०८१।०८।१३ | १५४८०१२.७४ | १५४८०१२.०० | |
| ०२/२०८१/०८२ | बालुवा लामासेरा क्षेत्र ढुंगा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य | ४५३१.५० | ९६०१७०.४७ | आर जि पी निर्माण सेवा | २०८१।०९।२१ | ११०११८३.९५ | ११०४०९५.०० | |
| ०३/२०८१/०८२ | झिमरुक गर्तङ दोभान छाप्रे क्षेत्र ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन कार्य | ३४२३.४० | ७२५३७७.३८ | ठेक्का नलागेकाले पालिकाले अमानतबाट अमानतबाट कार्य | - | २२९५००.०० | २८९५००.०० | ९५४.७२ |
| ०४/२०८१/०८२ | गर्तङ्ग खोला (बालुवा), तुषारा चिसावाङ्ग राातटारी क्षेत्र (२), गुडगुडे रह क्षेत्र ढुंगा (२), गिट्टी र बालुवा संकलन तथा | ३६१९.७० | ७६६९७०.९९ | आचार्य कन्सट्रक्सन | २०८१।०६।१० | ८८७५८६.६३ | ८८७६००.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्खनन कार्य | | | | | | | |
| | **जम्मा** | | | | | **३७६६२८३.३२** | **३८२९२०७.००** | |

लुम्बिनी प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५ को दफा १० को उपदफा ८ मा स्थानीय तहले नदीजन्य पर्दाथ उत्खनन् संकलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ र वर्षको कम्तिमा तीन पटक जिल्ला अनुगमन तथा व्यवस्थापन समिती समेतको रोहवरमा घाटगद्दी स्थलको निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ।सम्झौता बमोजिम नदी खोला खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पर्दाथको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गतेभित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ।पालिकाले उक्त स्थानको निरन्तर अनुगमन तथा निरीक्षण नगरेको, दैनिक र मासिक रुपमा उत्खनन् हुने परिमाण एकिन गर्न नसकेको र मासिक प्रगति विवरण समेत प्राप्त गर्न नसकेकोले तोकिएको परिमाणमा नै उत्खनन् कार्य भएको हो भन्ने एकिन गर्न नसकेकाले दहत्तर वहत्तरका लागि गरिएको ठेक्काको कानून बमोजिम निरन्तर अनुगमन तथा निरीक्षण गर्नुपर्दछ ।

## २१ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले ज्योती विकास बैंक लि. र सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडमा रहेको लाभग्राहीको व्यक्तिगत खातामा ४ किस्तामा EFT मार्फत सामाजिक सुरक्षा वापतको रकम निकासा गरी एम.आइ.एस.मा पुर्ण रुपमा विवरण प्रविष्ट गरेको देखिन्छ। पालिकाले यस वर्षको प्रथम किस्ता रु.३,०८,५४,४०३।- र दोश्रो किस्ता रु.३,१३,१०,६३१।- तेश्रो किस्ता रु.३,१६,६७,६६४।- र चौथो किस्ता वापत रु.३,१९,५६,०७६।- EFT गरी जम्मा खर्च रु.१२,५७,८८,७७४।- सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ। यो आर्थिक वर्ष लाभग्राहीहरुको कुल संख्यामध्ये १९८ जनाको लगत कट्टा भएको छ। वार्षिक सामाजिक सुरक्षा भत्ता निकासाको विवरण निम्नानुसार छः

| | प्रथम त्रैमासिक | | द्वितीय त्रैमामिक | | तृतीय त्रैमासिक | | चतुर्थ त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १७४३ | २०७९४८४५ | १७७० | २१०२४१३९ | १७७६ | २११४१०१६ | १८०८ | २१४९०८३२ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३१६ | २४८७१०० | ३२६ | २५५५३७३ | ३२२ | २५६९५६० | ३१८ | २५०३०६० |
| जेष्ठ नागरिक एकल महिला | २१७ | १७२६३४० | २१५ | १७०९५८२ | २१३ | १६९९७४० | २०१ | १५९८६६० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ४४६ | ३५२०४२७ | ४६४ | ३६६०१६० | ४८२ | ३८१७१०० | ४९९ | ३९२५३८८ |
| पूर्ण अपाङ्गता भत्ता | ५२ | ६०८५४० | ५१ | ६१०४७० | ५४ | ६४६३८० | ५५ | ६५०३७० |
| अति अशक्त अपाङ्गता भत्ता | १६१ | १०२५६९६ | १६५ | १०४९१०४ | १७० | १०८१०२४ | १७० | १०८५२८० |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ४४० | ६९१४५५ | ४५७ | ७०१८०३ | ४६८ | ७१२८४४ | ४५७ | ७०२४८६ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३३७५ | ३०८५४४०३ | ३४४८ | ३१३१०६३१ | ३४८५ | ३१६६७६६४ | ३५०८ | ३१९५६०७६ |

२२ **निशुल्क पाठ्यपुस्तकः**

कार्यकार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था रहेको छ। EMIS मा प्रविष्टि तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको मूल्यसूचिका आधारमा पाठ्यपुस्तकको अनुदान विद्यालयको खातामा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष कुनैपनि विद्यालयको सत्यापन कार्य गरेको पाईएन । IEMIS मा प्रविष्ट तथ्यांकको आधारमा पहिलो पटक ७५ प्रतिशत र बाकी नपुग २५ प्रतिशत समेत गरी जम्मा रु. ३९,८३,९१२। निकासा भूक्तानी भएको पाईयो । यसरी सत्यापन नभएको अवस्थामा विद्यार्थी संख्या IEMIS मा प्रविष्ट तथ्याङ्क बराबर छन् भन्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले निकासा दिएको रकमबाट सबै विद्यार्थीहरुले समयमा नै पाठ्यपुस्तक पाएनपाएको सम्बन्धमा सुनिश्चित हुन अनुगमन गरी प्रतिवेदन संलग्न राख्नुपर्दछ ।

२२.१ **पाठ्यपुस्तकमा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२७,२२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२१,१८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४०,४६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२३,८२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४२,९४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५३,८२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१७,११०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२९,४८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२२,५५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२४,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७,५८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१९,२१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१८,७५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,०७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१४,९५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,५६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२.२ **पाठ्यपुस्तक वितरणः** कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं ३.१ मा सबै सामुदायिक विद्यालयका कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था रहेको छ । २०८२ को कक्षा ११ को विद्यार्थी भर्ना भाद्र महिनामा शुरु भएको देखिन्छ तर देहायका विद्यालयहरुले एस ई ई को नतिजा प्रकाशन पुर्वनै कक्षा ११ का विद्यार्थीको लागि पाठ्यपुस्तक खरिद गरेको बिल पेश गरेको देखियो भने विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई लेखापरीक्षणको समयसम्म समेत पेश भएको देखिएन । विद्यार्थी भर्ना हुनु अगाबै खरिद गरेको पाठ्यपुस्तकको आधारमा पालिकाले विद्यालयहरुलाई अनुदान प्रदान गरेको छ। हालसम्म पनि पालिकाबाट ती विद्यालयहरुमा कक्षा ११ मा कति विद्यार्थी भर्ना भए, पालिकाले दिएको पाठ्यपुस्तक अनुदानको सही सदुपयोग भए नभएको विषयम अनुगमन गरेको पाईएन। जसले गर्दा विद्यार्थी संख्या कम भएको विद्यालयमा पाठ्यपुस्तक बढी हुने तथा वढी विद्यार्थी भएको विद्यालयमा पाठ्यपुस्तकको अभाव हुनजाने देखिएकोले यसमा सुधार हुनु पर्दछ। यसरी विद्यार्थी भर्ना नहुदै पाठ्यपुस्तक खरिद गरेको बिलका आधारमा अनुदान भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| सि नं | विद्यालयको नाम | खरिद मिति | निकाशा रकम |
|---|---|---|---|
| १ | बलभद्र मा वि | २०८२।३।१७ | १७१०५ |
| २ | सत्य मा वि | २०८२।२।१० | ९३११ |
| ३ | सर्वोदय मा वि | २०८२।३।२ | ५७८२ |
| ४ | वालशिक्षा मा वि | २०८२।३।२० | ४०४३० |
| ५ | अमरसिंह मा वि | २०८२।२।१० | ५५८५ |
| | जम्मा रु. | | ७८,2१३.00 |

| | |
|---|---|
| अनियमित भएको | ७८,२१३ |

२३ **विद्यालय लेखापरीक्षण प्रतिवेदनः**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८०।८१ मा सम्पूर्ण विद्यालयले गरेका आम्दानी तथा खर्चको समयमै लेखापरीक्षण गराउने र सो को प्रतिवेदनको १ प्रति सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ।साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ। साथै दफा ९ (२) बमोजिम सशर्त अनुदानको रकम तोकिएको शर्तको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा विद्यालयले पेश गरेको आ. व. २०८०।८१ को देहायका विद्यालयको लेखापरीक्षण प्रतिवेदन माग गरी परीक्षण गर्दा विद्यालयको खातामा बिभिन्न रकम मौज्दात रहेको देखिएकोले सशर्त अनुदान तर्फको खर्च नभई मौज्दात रहेको अवस्थामा संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने भएकोले पालिकाले यकिन गरी सञ्चित कोष फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| सि नं | विद्यालयको नाम | शीर्षक | आम्दानी रकम | खर्च रकम | बाकी रकम |
|---|---|---|---|---|---|
| १ | श्री बाल शिक्षा प्रा वि | मसलन्द अनुदान | १५००० | ११६६० | ३३४० |
| | | एस आई पि अनुदान | १५००० | ८९७० | ६०३० |
| | | शिक्षण सिकाई अनुदान | २११६९ | ८९७० | १२१९९ |
| | जम्मा रु | | | | **२१५६९** |
| २ | श्री सत्य मा वि | बुक कर्नर अनुदान | १०२८७१ | ० | **१०२८७१** |
| ३ | श्री गौमुखी प्रा वि | मसलन्द अनुदान | १५००० | २६७७ | १२३२३ |
| | | निशुल्क पाठ्यपुस्तक अनुदान | ९७४३ | ८२११ | १५३२ |
| | | एस आई पि अनुदान | १५००० | १०००० | ५००० |
| | जम्मा रु | | | | **१८८५५** |
| ४ | श्री बाल सुधार मा वि | निशुल्क पाठ्यपुस्तक अनुदान | ३७५७६ | २१९६१ | १५६१५ |
| | | बुक कर्नर अनुदान | १५००० | ० | १५००० |
| | जम्मा रु | | | | **३०६१५** |
| ५ | चिरायु मा वि | शिक्षण सिकाई अनुदान | ४९७८६ | ० | ४९७८६ |
| | | छात्रवृत्ती अनुदान | ५०६०० | ४७००० | ३६०० |
| | जम्मा रु | | | | **५३३८६** |
| ६ | ने रा प्रा वि झिमरुक ४ | दिवा खाजा | ११३६४० | १०८७१५ | ४९२५ |
| | | शिक्षण सिकाई अनुदान | १०८४४ | ० | १०८४४ |
| | जम्मा रु | | | | **१५७६९** |
| ७ | बाल कल्याण प्रा वि | छात्रवृत्ती अनुदान | १६००० | १४४०० | १६०० |
| | | विद्यालय सुधार योजना | १५००० | १५७५ | १३४२५ |
| | जम्मा रु. | | | | **१५०२५** |
| | कूल जम्मा रु. | | | | २५९५७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५९,५७७ |

२४ **दिवा खाजा कार्यक्रमः**

कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीका लागि विद्यार्थीको उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।०० का दरले दिवा खाजा कार्यक्रमको रकम विद्यालयको खातामा निकासा हुने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ मा दिवा खाजाको रकम ४६ सामुदायिक विद्यालयको खातामा रु.८७,३२,७६४।०० निकासा गरेको छ। पालिकाले उपलब्ध गराएको दिवा खाजा सम्बन्धि विवरणमा केही विद्यालयले पेश गरेको हाजिरी अभिलेख परीक्षण गर्दा हाजिरीमा विद्यालयको नाम नखुलेको विद्यालयको छाप समेत नरहेको कारणले कुन विद्यालयको हजिरी रजिष्टर हो भनी एकिन गर्न सकिएन। विद्यालयको दिवा खाजा निकाशा परीक्षण गर्दा ४६ वटा विद्यालयका ३२११ जना विद्यार्थीलाई रु.१५ प्रतिदिन प्रतिविद्यार्थीका दरले ३ वटा त्रैमासिकमा १६ दिन सञ्चालन भएको

परिक्षाको समयमा समेत दिवा खाजा वापतको रकम निकाशा गरेको पाईयो। पालिकाले अनुगमन गरी परीक्षाको समयमा समेत दिवा खाजा उपलब्ध गराएको वा नगराएको सम्वन्धमा एकीन गरी प्रतिवेदन संलग्न राख्नुपर्दछ।

**२५ सेनिटरी प्याड खरिदः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालीकाले नियमावलीको व्यवस्था अनुसार रु.१७,३०,०००।०० लागत अनुमान तयार गरी खुल्ला बोलपत्रको माध्यमबाट ६३.८४ प्रतिशत न्यून कबोलकर्ता श्री ए. जि. हेल्थ ईण्डष्ट्रिज प्रा. लि. संग मिति २०८२।२।२३ मा सम्झौता गरी १६११५ प्याकेट सेनिटरी प्याड प्रति प्याकेट रु.३४.३५ ( भ्याट बाहेक ) का दरले खरिद गरी गो. भौ. नं. १६२/२०८२।२।२३ बाट रु.५६४३४२।०० भूक्तानी गरेको पाईयो। आर्थिक बर्ष २०८१/०८२ मा अध्ययनरत विद्यार्थीकालागि आबश्यक प्याड खरिद गरी वितरण गर्नु पर्नेमा आर्थिक बर्षको अन्तमा खरिद गरी विद्यालयहरुलाई हस्तान्तरण गरेको छ। उक्त प्याड विद्यालयमा अर्को बर्ष वितरणका लागि मौज्दात रहेको देखिन्छ। यसरी पालिकाले आर्थिक बर्षको अन्तमा खरिद गरी मौज्दात राख्ने कार्यमा नियन्त्रण गरी कार्यविधि अनुसार समयमै खरिद गरि विद्यालयहरुलाई वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**२६ प्राविधिक धारको विद्यालय अनुदानः**

२६.१ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्राविधिक धारको विद्यालयलाई प्रति विद्यार्थी रु.१५०००। का दरले अनुदान उपलब्ध गराउने उल्लेख छ। पालिकाले श्री बाल शिक्षा माध्यमिक विद्यालयलाई ५८ जनाको जम्मा रु.८,७०,०००।०० अनुदान उपलब्ध गराएको छ। विद्यालयले अनुदानबाट दोहोरो नपर्नेगरी छात्रवृत्ती, अवलोकन भ्रमण, ल्याब ब्वाईको पारिश्रमिक लगायतको कार्यमा खर्च गर्न सक्ने व्यवस्था रहेको छ। विद्यालयले रु.३६८००। अनुदान रकमको विभिन्न शिर्षकमा खर्च गरेको बिल भरपाईको अतिरिक्त ३ जना शिक्षक राखी तलब भत्ता भूक्तानी गरेको प्रमाण पेश गरेकोले उक्त अनुदान शीर्षकबाट ल्याब ब्वाई वाहेक अन्य शिक्षकको पारिश्रमिकमा खर्च लेख्न मिल्ने आधार नदेखिएकोले रु.५०१६९०।०० अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,०१,६९० |

**२६.२ व्यवहारिक अभ्यास (OJT) अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

**२७ गाउँपालिका अनुदान शिक्षकः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड "ज" को गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आधारभूत र माध्यामिक शिक्षा समावेश भएको छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७५।७७ चलानी नं. ३२९ मिति २०७५।९।१२ को पत्रानुसार समेत साझा अधिकारको विषयमा कानून वनाउने सन्दर्भमा नेपालको संविधानको धार ५७(६) मा साझा अधिकारको विषयमा प्रदेश तथा स्थानीय सभाले कानून वनाउँदा संघीय कानूनसँग नबाझिने गरी वनाउनु पर्ने बेहोरा समावेश रहेको अवस्थामा संघीय शिक्षा ऐन नवनेकोले सम्वन्धित तहले कानुन वनाउदा संघीय सरकारको समन्वयमा मात्र नेपाल सरकारबाट नियुक्त भएका शिक्षक तथा सामुदायिक विद्यालयहरुको व्यवस्थापन र समग्र शिक्षा प्रणालीसँग सम्वन्धित विषयमा उठेका सवालको सहजिकरण गर्दा नेपाल सरकारसँग समन्वय गर्नु पर्ने गरी नेपाल सरकार मन्त्रिस्तरको २०७५।९।१२ को निर्णयको पत्राचार गरेको देखियो। त्यस्तै पालिकाले शिक्षा नियमावली,२०५९ नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालीस र चालीस हुनु पर्ने वेहोरा समावेश छ। पालिकावाट प्राप्त विवरण अनुसार ४६ विद्यालयमा साविकमा २९२ शिक्षक दरबन्दी रहेकोमा गाउँपालिकाले ७३ दरवन्दी थप गरी ३१४ दरवन्दी र ६३२२ विद्यार्थी सँख्या रहेको देखिन्छ। पालिकाले साविकको स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको

रूपमा कार्यरत ७३ जना शिक्षकलाई बार्षिक रु.२,११,२१,५११.०० संघीय राजश्व बाँडफाट शिर्षकबाट तलब भत्ता वापत विद्यालयको नाममा अनुदान निकासा दिएको देखियो । उल्लेखित अनुदान उपलव्ध गराउदा स्थानीय तहको अधिकार सूचिमा समावेश आधारभूत र माध्यामिक शिक्षाको सम्वन्धमा पालिकाले गाउँ शिक्षा ऐन, निर्माण गरेको देखिदैन। पालिका अन्तर्गत रहेका विद्यालयको तह, विद्यार्थी संख्या, संघीय सरकारको साविकको दरवन्दी तथा पालिकाको अनुदान शिक्षक दरवन्दी अवस्था निम्नानुसार रहेको छ।उल्लिखित ब्यवस्था अनुसार कानुन निर्माण भई कार्यान्वियन हुने र पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । पालिकाबाट प्राप्त विद्यार्थी संख्या संघीय सरकार अनुदान शिक्षक दरबन्दी तथा पालिका अनुदान शिक्षकका अवस्था यस प्रकार रहेको छः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा संचालन | जम्मा विद्यार्थी संख्या | संघीय सरकार अनुदानशिक्षक दरबन्दी | पालिका अनुदान शिक्षकदरबन्दी | जम्मा शिक्षक दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | श्रीअमरसिंह मा.वि. | झिमरुक-१,सौतामारे | कक्षा १-१२ | २८४ | १२ | २ | १४ |
| २ | श्री अमरप्रा.वि. | झिमरुक-१,बालुवा | कक्षा १-५ | ६० | ३ | १ | ४ |
| ३ | श्रीजनचाहाना प्रा.वि. | झिमरुक-१,सौतामारे | कक्षा १-५ | ६९ | ३ | १ | ४ |
| ४ | श्रीदिपेन्द्र प्रा.वि. | झिमरुक-१,डाँडाखर्क | कक्षा १-३ | १९ | २ | १ | ३ |
| ५ | श्रीजनसेवा प्रा.वि. | झिमरुक-१,बिड्डाँडा | कक्षा १-५ | ३५ | १ | २ | ३ |
| ६ | श्रीबालकल्याण प्रा.वि. | झिमरुक-१,पोखरीडाँडा | कक्षा १-५ | २३ | ३ | १ | ४ |
| ७ | श्रीजनविकास आ.वि. | झिमरुक-१,सौतामारेफेदी | कक्षा १-८ | १०७ | ५ | ३ | ८ |
| ८ | श्रीबालसुधार प्रा.वि. | झिमरुक-१,बडाचौर | कक्षा १-३ | २९ | १ | १ | २ |
| ९ | श्रीचन्द्रविकास प्रा.वि. | झिमरुक-१,सौतामारे | कक्षा १-५ | ६५ | १ | २ | ३ |
| १० | श्रीबलभद्र मा.वि. | झिमरुक-२,शिलिङ्गे | कक्षा १-१२ | ५३७ | १५ | ३ | १८ |
| ११ | श्रीसर्वोदय मा.वि. | झिमरुक-२,गडेरपानी | कक्षा १-१२ | ३४० | १० | ५ | १५ |
| १२ | श्रीकमेरपानी आ.वि. | झिमरुक-२,कमेरपानी | कक्षा १-८ | १९५ | ५ | ३ | ८ |
| १३ | श्रीविश्वज्योति प्रा.वि. | झिमरुक-२,म्यालखाँदा | कक्षा १-५ | ६५ | ३ | १ | ४ |
| १४ | श्रीबालजीबन प्रा.वि. | झिमरुक-२,थापाचौर | कक्षा १-३ | ५३ | २ | ० | २ |
| १५ | श्रीबालज्योति प्रा.वि. | झिमरुक-२,मैदान | कक्षा १-५ | ८५ | ३ | १ | ४ |
| १६ | श्रीप्रभात मा.वि. | झिमरुक-३,आहालखोला | कक्षा १-१० | ३१२ | १० | ४ | १४ |
| १७ | श्रीबालकल्याण | झिमरुक-३,मैनातापोखरी | कक्षा | ३९ | २ | ० | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रा.वि. | | १-३ | | | | |
| १८ | श्रीगौमुखी प्रा.वि. | झिमरुक-३,पिपलनेटा | कक्षा १-३ | २८ | २ | १ | ३ |
| १९ | श्रीबालज्योति ने.रा.प्रा.वि. | झिमरुक-३,कुटेडाँडा | कक्षा १-८ | १२८ | ५ | १ | ६ |
| २० | श्रीलक्ष्मी मा.वि. | झिमरुक-४,बाङ्गे | कक्षा १-१० | २३४ | १२ | २ | १४ |
| २१ | श्रीभिमसेन आ.वि. | झिमरुक-४,बौडा | कक्षा १-८ | १०६ | ५ | ३ | ८ |
| २२ | श्रीने.रा.प्रा.वि. | झिमरुक-४,चौके | कक्षा १-३ | ४२ | २ | १ | ३ |
| २३ | श्रीशिद्धेश्वरी ने.रा.प्रा.वि. | झिमरुक-४,चुँधारा | कक्षा १-५ | ६९ | ३ | १ | ४ |
| २४ | श्रीबालशिक्षा प्रा.वि. | झिमरुक-४,पोखरी | कक्षा १-५ | ७१ | २ | २ | ४ |
| २५ | श्रीदिपेन्द्र प्रा.वि. | झिमरुक-४,बाङ्गे | कक्षा १-५ | ९० | ३ | १ | ४ |
| २६ | श्रीबालकल्याण प्रा.वि. | झिमरुक-४,तुषारापानी | कक्षा १-३ | १४ | १ | १ | २ |
| २७ | श्रीबालशिक्षा मा.वि. | झिमरुक-५,मच्छी | कक्षा १-१२ | ६७८ | २६ | २ | २८ |
| २८ | श्रीने.रा.मा.वि. | झिमरुक-५,हिरापोखरी | कक्षा १-१० | २३८ | ९ | २ | ११ |
| २९ | श्रीबालज्योति प्रा.वि. | झिमरुक-५,चुँधारा | कक्षा १-३ | ३७ | २ | १ | ३ |
| ३० | श्रीचिरायु मा.वि. | झिमरुक-६,चिसावाङ्ग | कक्षा १-१० | २३० | १३ | १ | १४ |
| ३१ | श्रीने.रा.मा.वि. | झिमरुक-६,मर्कावाङ्ग | कक्षा १-१० | २७७ | ९ | ३ | १२ |
| ३२ | श्रीशिद्धेश्वरी प्रा.वि. | झिमरुक-६,लेख | कक्षा १-३ | २० | २ | १ | ३ |
| ३३ | श्री शिद्धप्रा.वि. | झिमरुक-६,दहखोला | कक्षा १ | ११ | १ | ० | १ |
| ३४ | श्रीबालकल्याण प्रा.वि. | झिमरुक-६,तोरवाङ्ग | कक्षा १-५ | ४४ | ३ | १ | ४ |
| ३५ | श्रीबालसुधार | झिमरुक-६,थारुखर्क | कक्षा | ४८ | ३ | १ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रा.वि. | | १-५ | | | | |
| ३६ | भुवनेश्वरीप्रा.वि. | झिमरुक-६,नेटा | कक्षा १-३ | १८ | २ | १ | ३ |
| ३७ | श्री सत्यमा.वि. | झिमरुक-७,तुषरा | कक्षा १-१२ | ३८२ | १५ | ३ | १८ |
| ३८ | श्री सीताआ.वि. | झिमरुक-७,कुता | कक्षा १-१० | ३३७ | ९ | २ | ११ |
| ३९ | श्रीजनज्योति प्रा.वि. | झिमरुक-७,जावुने | कक्षा १-३ | ५६ | २ | १ | ३ |
| ४० | श्रीईख्नाभगवती प्रा.वि. | झिमरुक-७,चुदरीपोखरी | कक्षा १-५ | ९७ | ३ | १ | ४ |
| ४१ | श्रीबालकल्याण प्रा.वि. | झिमरुक-७,हिङ्डाँडा | कक्षा १-३ | ७ | १ | १ | २ |
| ४२ | श्री जनतामा.वि. | झिमरुक-८,टिमुरचौर | कक्षा १-१० | ४०४ | ११ | ४ | १५ |
| ४३ | श्रीज्ञानज्योति आ.वि. | झिमरुक-८,गब्दी | कक्षा १-८ | १८० | ८ | २ | १० |
| ४४ | श्रीप्रगतिशील प्रा.वि. | झिमरुक-८,खोरिया | कक्षा १-३ | ४८ | १ | १ | २ |
| ४५ | श्रीबालशिक्षा प्रा.वि. | झिमरुक-८,पाँडेमेला | कक्षा १-५ | ९४ | ३ | १ | ४ |
| ४६ | श्री सूर्यप्रा.वि. | झिमरुक-८,रातामाटा | कक्षा १-३ | १७ | २ | ० | २ |
| | बालविकास | | | | ५१ | | |
| | जम्मा | | | ६३२२ | २९२ | ७३ | ३१४ |

२८ **शिक्षक अभिलेखः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा संस्थागत तर्फका आधारभूत तथा माध्यमिक तह सम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र संचालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, बैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको नियुक्ति, अवकाश, सरुवा, विदा तथा राजिनामा सम्बन्धि व्यक्तिगत विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा सो राखेको देखिएन । लेखापरीक्षणको क्रममा माग गरेका केही शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि सबै शिक्षकहरुको अभिलेख प्राप्त गर्न सकिएन ।तसर्थ पालिकाले सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरुको व्यक्तिगत अभिलेख व्यवस्थित तथा प्रमाणित गरी राख्नुपर्दछ।

२९ **विद्यालयलाई प्रोत्साहन अनुदानः**

कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को कृयाकलाप नं २.७.१३.१३ को उप कृयाकलाप नं ९.२ मा स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका विद्यालयहरु छनौट गर्दा कम्तिमा आधारभूत तर्फ १०० र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड,२०७८ ले तोकेको विधि, प्रकृया र पद्धती बमोजिम प्राप्त गरेको समष्टिगत अंकलाई आधार मानी उच्चतम अंक प्राप्त गर्ने प्रथम र द्वितीय स्थान प्राप्त गर्ने विद्यालयलाई क्रमशः ३,००,०००। र २,००,०००। निकाशा गर्ने व्यवस्था रहेको छ। पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि भन्दा फरक पर्ने गरी श्री लक्ष्मी मा. वि. लाई रु. ३,००,०००।, श्री चिरायु मा. वि. लाई रु.१,००,०००।, श्री बालशीक्षा मा. वि. लाई रु.५०,०००। र श्री प्रभात मा. वि. लाई रु.५००००। गरी जम्मा रु ५,००,०००। प्रोत्साहन अनुदान निकासा गरेको छ।यसरी कार्यान्वयन कार्यविधिले प्रथम र द्वितियलाई मात्र अनुदान दिनुपर्ने भनेकोमा पालिकाले कार्यबिधि भन्दा बाहिर गएर अनुदान रकमलाई टुक्याएर बढी विद्यालयलाई वितरण गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

३० **संस्थागत विद्यालयको अनुगमनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ। तर पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन तथ अनुगमन सम्बन्धमा निश्चित मापदण्ड तयार गरेको देखिएन। पालिकाले मापदण्ड तयार गरी सो बमोजिम संस्थागत विद्यालयको अनुगमन तथा शुल्क निर्धारण गरेनगरेको सम्बन्धमा अनुगमन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

३१ **पालिका पहुँच मार्ग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ट) अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई सम्वन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वियन, मर्मत, सम्भार र नियमन गर्ने सम्मको व्यवस्था छ। त्यस्तै लुम्विनी प्रदेशको मन्त्री परिषदको बैठक सँख्या ५, २०८२।२।१९ को निर्णयानुसार प्यूठान जिल्ला अन्तर्गतका अन्तरपालिका तथा अन्तरजिल्ला पहुँच मार्ग(बाग्दुला-मच्छी-ठुलाबेसी-अर्खा-भीमगीठे बाग्लुङ्ग सडक) लाई प्रादेशिक सडक सञ्चाल गुरुयोजनामा समावेश गरी सूची स्वीकृत गरेको छ। पालिका भर पक्की सडक नभएको अवस्थामा पालिका पहुँच मार्गको रुपमा रहेको अन्तरजिल्ला तथा पालिका छुने सडक खण्ड मध्ये बाग्दुला देखि पालिकाको केन्द्र मच्छीसम्मको सडक खण्ड समेत पक्कि सडक सहित स्तरोन्नती नभएको अवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघ तर्फ रु. १ करोड र स्थानीय तह समानीकरण अनुदानबाट रु. १ करोड बजेट व्यवस्थापन भए पश्चात लागत अनुमान रु. ४,८४,७७,७६७.५६ तयार गरी वोलपत्र आह्वान गरी समारभुत रुपमा प्रभावग्राही घटी कवोल कर्ता कार्की अमृत जे.भि.सँग रु. ३,०५,९०,४८९.५५ मा सडक खण्डको विभिन्न चेनेजमा स्ट्रक्चर तथा वाटो चौडा गर्ने कार्य गर्न सम्झौता भएको देखियो। सम्झौता अनुसार निर्माण व्यावसायीलाई रु. ५२,४९,९९९.०० पेश्की भुक्तानी भएकोमा दोस्रो रनिङ्ग विलसम्म रु. २,००,१८,७२१.७९ को कार्य भएको अवस्था रहेको छ। आर्थिक वर्ष २०८२।८३ मा संघ, प्रदेश र स्थानीय तहवाट रु. ४७ करोड विनियोजन भएको र २०८२।४।९ मा भएको सडक पूर्वाधार विकास कार्यालय, प्यूठान, सडक डिभिजन कार्यालय, जसपुर तथा पालिका समेतको अन्तरक्रियाको निर्णय अनुसार सडकको खण्ड तोकी निर्माण तथा स्तरोन्नतीको निर्णय भएको जनाएको छ। अन्तर जिल्ला तथा पालिका सडक, पालिका पहुँच मार्ग तथा आवश्यक स्थानीय सडक पुर्वाधारको स्तरोन्नती गरी स्थानीय जनताको आवागमन सहज गराई सामाजिक तथा आर्थिक अवस्थामा सुधार गर्न बजेट व्यवस्थापन भई वहुवर्षिय रुपमा योजना स्वीकृत गरी सोको व्यवस्थित र मितव्ययी रुपमा कार्यान्वयन हुनु पर्दछ।

३२ **सडक पूर्वाधार निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) अनुसार सार्वजनिक निकायले एक वर्षभन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैँया भन्दा वढी रकमको खरिद गर्दा नियम

७(२) अनुसार खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि लगायत व्यहोरा समावेश गरी खरिदको गुरु योजना तयार गर्नु पर्ने उल्लेख छ। त्यस्तै नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाँ भन्दा वढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले रिङ्ग रोड र पालिका पहुँच मार्ग निर्माण तथा स्तरोन्नती लगायतका वहुवर्षिय रुपमा सम्पन्न गर्नु पर्ने क्रमाङगत प्रकृतिका कार्यक्रम तथा नयाँ योजनामा स्थानीय तह, प्रदेश तथा संघीय सरकारवाट बजेट प्राप्त गरी पटके रुपमा लागत अनुमान तयार गरी कार्यान्वियन गरेकोमा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गरेको देखिएन। विगत तिन वर्षको यातयात पूर्वाधार तर्फको बजेट तथा खर्च अवस्था निम्नानुसार रहेको छ।पालिकाले एक वर्षभन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित लागत मूल्य, खरिद विधि लगायत व्यहोरा समावेश गरी व्यवस्थित रुपमा योजना कार्यान्वियन हुने गरी खरिद गुरु योजना तथा बार्षिक खरिद योजना समेत तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

| रु. हजारमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | यातयात पूर्वाधार | २०७९।८० | | २०८०/८१ | | २०८१।८२ | | कुल | |
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| १ | ग्रामीण सडक निर्माण र स्तरोन्नति तथा मर्मतकार्यक्रम | २५८९४ | २४१६० | १०९६२ | ९५१३ | ८२७० | ६४२९ | ४५१२६ | ४०१०२ |
| २ | सडकनिर्माण र स्तरोन्नति तथा मर्मत कार्यक्रम | ३९९४० | २६६२४ | २३७५९ | १६६०५ | ४८०५५ | ३५४९६ | १११७५४ | ७८७२५ |
| | **कुल जम्मा** | **६५८३४** | **५०७८४** | ३४७२१ | २६११८ | ५६३२५ | ४१९२५ | १५६८८० | ११८८२७ |

### ३३ पन्ध्र शैया अस्पताल

पालिका र नव सिर्जनशिल/यस जे.भि., धुलिखेल, काभ्रे विच ३० महिना (२०८२।४।१०) भित्र निर्माण सम्पन्न गर्ने गरी २०७९।१०।११ मा रु.२३,०८,४१,२७५.३० को सम्झौता भएको छ। आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म रु.७,१२,२६,७८५.२५ भुक्तानी भएको र कार्यपालिकाको २०८२।४।८ को निर्णयानुसार निर्माण कार्यको अवधि २०८३।७।९ सम्म थप भएको छ। सम्झौताको विशेष शर्त अनुसार सम्झौता रकमको ३० प्रतिशत रनिङ्ग विल पेश र ८० प्रतिशत निर्माण अवधिसम्म प्रति रनिङ्ग विल ४० प्रतिशतका दरले कट्टी गरी पेश्की फर्स्यौट गर्ने गरी २० प्रतिशत रु.४,०२,४३,८१०.०० पेश्की उपलव्ध गराएको छ। पालिकाले दोस्रो रनिङ्ग विलसम्म भुक्तानी गर्दा रु.४१,०२,७८४.०० पेश्की फर्स्यौट गरी रु.३,६१,४१,०२६.०० फर्स्यौट गर्न बाँकी रहेको छ। निर्माण सम्झौता अनुसार पेश्की फर्स्यौट गरी निर्माण व्यावसायीले पेश गरेको संशोधित कार्य तालिका अनुसार समयमा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ।

### ३४ उपभोक्ता समितिको भुक्तानी

झिमरुक गाउँपालिकाद्वारा २०७५ जेष्ठ २५ मा राजपत्रमा प्रकाशित स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को बुँदा नं. ११(१) अनुसार उपभोक्ता समितिले एक व्यक्ति वा संस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिबाट सम्पन्न भएको कार्यमा प्राविधिक विल अनुसारको सामाग्री खरिद विल समावेश भएकोमा कार्यविधि अनुसार रु. एक लाख भन्दा वढीको भुक्तानी गर्दा चेक मार्फत नगरेका उदाहरण निम्नानुसार रहेका छन। कार्यविधिको पालना हुने गरी प्राविधिक मूल्याङ्कन अनुसार निर्माण सामानको खरिद भइ सोको भुक्तानी भएको पुष्टी हुने प्रमाण समावेश गरी सम्झौता फरफारक हुनु पर्दछ।

| क्र.सं. | कार्यक्रम | उपभोक्ता समितिले भुक्तानी गरेको विविरण | | उपभोक्ता समितिको भुक्तानी |
|---|---|---|---|---|
| १ | बाल सुधार प्रा.वि. थारुखर्क | गौमुखी एग्रीगेट कम्पनी प्रा.लि., झिमरुक गा.पा. ३, साठीमुरी, प्यूठान (६१९७१०१७६) विजक नं. ४९।०८२।१।२० वालुवा गिटी खरिद | २९३५७४ | ५२४९०७७ |
| | | जनता फर्निचर एण्ड सहमिल उद्योग, प्यूठान १०, खरिकोट प्यूठान (३०५२७९९२१) विजक नं. ११।०८२।२।१५ वाट चौकोस | ४१९७२४ | |
| | | बि.एस.पी. हार्डवयर्स, झिमरुक गाउँपालिका ५, प्यूठान, विजक (३००६५२३१०) ३७३।०८२।३।२२ र ३२९।०८२।३।८ | ४८२०२९ | |
| | | वि.एस.पि. अडर एण्ड सप्लायर्स,५, प्यूठान, (६०२६५८५६४) विजक २५५।०८२।३।१ र २८८।०८२।३।१८ | २३१६८९५ | |
| २ | अमर प्रा.वि. | वि.एस.पि. अडर एण्ड सप्लायर्स,५, प्यूठान, (६०२६५८५६४) विजक २८१।०८२।३।१४ | ४४७११३ | ५६३२११९ |
| | | बि.एस.पी. हार्डवयर्स, झिमरुक गाउँपालिका ५, प्यूठान, विजक (३००६५२३१०) विजक ३७०।०८२।३।२२ | १३२५४९ | |
| | | खड्क निशान ग्रिल उद्योग, झिमरुक गा.पा. ५, मच्छि (६१६०६६५५५) विजक नं. ७ | १३३८१६ | |
| ३ | बालज्योती ने.रा.प्रा.वि. कुटेडाडा भौतिक व्यवस्थापन उ.स. | खड्क निशान ग्रिल उद्योग, झिमरुक गा.पा. ५, मच्छि (६१६०६६५५५) विजक नं. ६ | १३०४४७ | ५८३७१२६ |
| | | वि.एस.पि. अडर एण्ड सप्लायर्स,५, प्यूठान, (६०२६५८५६४) विजक विजक नं. २५३।०८२।३।१ र २८२।०८२।३।१५ | १८७३५४० | |
| | | गौमुखी एग्रीगेट कम्पनी प्रा.लि., झिमरुक गा.पा. ३, साठीमुरी, प्यूठान (६१९७१०१७६) विजक ४८।०८२।३।२० | २५५६०६ | |
| | | जनता फर्निचर एण्ड सहमिल उद्योग, प्यूठान १०, खरिकोट प्यूठान (३०५२७९९२१) विजक नं. १३।०८२।२।१५ वाट चौकोस | ४१९७२४ | |
| | | बि.एस.पी. हार्डवयर्स, झिमरुक गाउँपालिका ५, प्यूठान, विजक (३००६५२३१०) विजक ३७२।०८२।३।२२ र ३३०।०८२।३।८ | ६३२७७४ | |

३५ **भुक्तानी भन्दा घटी खरिद विल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार उपभोक्ता समितिवाट निर्माण भएको कार्यको लागि नियम ९७(५) अनुसार भुक्तानी माग गर्दा प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको बैठकवाट अनुमोदन गराइ नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण समेत गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। उपभोक्ता समितिवाट पालिकामा पेश भएको प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने कागजात परीक्षण गर्दा नर्म्स अनुसारको निर्माण सामाग्री सिमेन्ट, इटा र सरियाको मात्र परीक्षण गर्दा निर्धारित परिमाण भन्दा घटी हुने परिमाण र घटी खरिद दरमा विल भरपाई पेश भएको आधारमा निम्नानुसार वढी भुक्तानी भएको देखिन्छ। पालिकाले उपभोक्ताबाट कार्य गराई भुक्तानी भएको योजनाको सम्वन्धमा समेत एकिन गरी लेखापरीक्षणमा छनौट गरिएका निम्नानुसार योजनामा भएको वढी भुक्तानी असुल गर्नु पर्ने रु.

| योजनाकोनाम | बजेट | लागत अनुमान | कार्यसम्पन्न | जनश्रमदान | गोश्वारा भौचर नं. | खर्च रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| लक्ष्मी मा वि भवन निर्माण/मर्मत, झिमरुक ४, प्यूठान | १०००००० | ११३९४५ | ११३५५६८ | १३९४५२ | ८।०८२।३।२५ | ९७०४०१ | १३२८६४ |
| सर्वोदय मा वि घेरावार तथा भवन मर्मत, झिमरुक २ ,प्यूठान | १०००००० | ११०५११८ | १०९६४८६ | १०५११८ | ५।०८२।३।२४ | ९८३८३१ | १९७२८ |
| सिमखोली-टाहरी-पल्लाडिही सिंचाइ कुलो निर्माण, झिमरुक ३, प्यूठान | १०००००० | ११०४९०१ | ११०२९१७ | १०४९०१ | ६।०८२।३।२४ | ९८८६७९ | २०३१९ |
| एम.सी समाज व्राहमन्दिर घेरावार, झिमरुक २, प्यूठान | १०००००० | ११०२५५० | ११००१६१ | १०२५५० | ५।०८२।३।२४ | ९८७०९० | ३७१३० |
| **जम्मा** | ४०००००० | ३४२६५१४ | ४४३५१३२ | ४५२०२१ | | ३९३०००१ | २१००४१ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८९,६३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३८,०७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०,०४१ |

३६ **क्याम्पसमा निशुल्क शिक्षा**

नेपालको संबिधानको धारा ५७(१) को सनुसूचि ५ अनुसार केन्द्रिय विश्वबिद्यालयको अधिकार संघीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ ।साथै सोही ऐनको दफा ११(ज) अनुसार आधारभुत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको हुने व्यवस्था छ। स्थानीय तहले स्वीकृत बजेटबाट स्वायत्त निकाय वा संस्थाहरुलाई अनुदान उपलब्ध गराउन मिल्ने आधार देखिँदैन । पालिकाले झिमरुक ५ मच्छीमा रहेको गौमुखी क्याम्पसमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थिहरुलाई निशुल्क शिक्षा उपलब्ध गराउन विद्यार्थिको भर्ना र शुल्कमा अनुदान उपलब्ध गराउने व्यवस्था वजेटमा समावेश गरी यो वर्ष रु.३६,७२,६५४।०० अनुदान निकासा गरेको पाइयो । पालिकाले आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने (क्यापस) स्वायत्त संस्थालाई उच्च शिक्षा निशुल्क कार्यक्रम अन्तर्गत अनुदान भुक्तानी गर्ने कार्य नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३६,७२,६५४ |

३७ **प्रधानमन्त्रि रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले स्थानीय तहभित्रका वडाहरुमा कुलो, पैनी, सरसफाई, संभार तथा सरसफाई कार्य लगायतका ९ योजना सञ्चालन गरी यस वर्ष ५५ जनालाई १०० दिन बराबरको रोजगारी उपलव्ध गराई ज्यालामा रु.३४०१७०८।०० खर्च भुक्तानी गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना हुन नसक्ने भएकोले यसमा सुधार हुनु पर्दछ ।

| क्र.स. | योजना/आयोजनाको नाम | वडा नम्बर | विनियोजित रकम | लागत अनुमानित रकम | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|---|
| १ | 1 नम्बर वडाका बिभिन्न गोरेटो बाटो , नाली निर्माण तथा मर्मत आयोजना | १ | ६८८००० | ६८७५९९.७२ | ६४३८६७.६७ |
| २ | २ नं वडाका विभिन्न गोरेटो बाटो निर्माण तथा मर्मत आयोजना | २ | ६५३६०० | ६५३०४०.७ | ६५३३४२.१८ |
| ३ | ३ नम्बर वडाका बिभिन्न गोरेटो बाटो , नाली तथा पोखरी निर्माण तथा मर्मत आयोजना | ३ | ६५३६०० | ६४६२४०.९१ | ६४६२४०.९१ |
| ४ | ४ नं वडाका विभिन्न गोरेटो बाटो निर्माण तथा मर्मत आयोजना | ४ | ५३३२०० | ५३२९०४.१४ | ३६८४४०.९९ |
| ५ | ५ नम्बर वडाका बिभिन्न गोरेटो बाटो , तथा पोखरी निर्माण तथा मर्मत आयोजना | ५ | ५३३२०० | ५३२९२३.०४ | ४३५८१२.९५ |
| ६ | ६ नम्बर वडाका बिभिन्न गोरेटो बाटो तथा नाली निर्माण तथा मर्मत आयोजना | ६ | ५४३२०० | ५४२८६९.८१ | ५४४१५८.९४ |
| ७ | सत्य मा.बि.भवन संरक्षण आयोजना | ७ | १०९२०० | १०९०३७.४७ | १०९८४५.१२ |
| ८ | ७ नम्बर वडाका बिभिन्न गोरेटो बाटो तथा पोखरी निर्माण तथा मर्मत आयोजना | ७ | ५०१००० | ४९९९२०.१२ | ५००७८०.५२ |
| ९ | ८ नम्बर वडाका बिभिन्न गोरेटो बाटो , मोटर बाटो तथा नाली निर्माण तथा मर्मत आयोजना | ८ | ८३८००० | ८३७४७८.२ | ८३८९०९.१२ |
| जम्मा | | | ३७१४००० | ३७०४६१५.७९ | ३४०१७०८.७६ |

## ३८ अनुगमन भत्ता

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ५६( १) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिका गर्नु पर्ने तथा सोहि बुदाको (५) मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी खटाउनु पर्ने छ । त्यसरी कर्मचारी खटाउँदा आवश्यकता औचित्यता र उपयुक्तताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८२ तयार गरी त्यसको परिच्छेद ७(५) तालिम/गोष्ठि सेमिनार/कार्यशाला र अन्य विषयगत शाखाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको अध्यक्षता तथा अनुगमन सुपरिषेक्षण गर्ने पदाधिकारी तथा कर्मचारीहरुलाई रु.१५००/१२००/१०००। का दरले प्रति कार्यक्रम भत्ता भुक्तानी गरिने र अनुगमन सुपरिवेक्षण पश्चात प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नमूना छनौट गरी परीक्षण गर्दा पालिकाका पदाधिकारी, कर्मचारी, वडा अध्यक्ष र वडा सचिवहरुले समेत आफ्नो वडाभित्रका विभिन्न योजना अनुगमन गरेको भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदनको विस्तृत विवरण तयार नगरी अनुगमन फरमेटमात्र राखेको देखियो । अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीहरुको संख्या पनि आवश्यकताभन्दा बढीमात्रामा सहभागी गराएको देखियो। यसरी खर्च मितव्ययिता,आवश्यकता,औचित्यताका हिसाबले समेत सबै कार्यक्रमहरुमा अनुगमन भत्ता भुक्तानी गर्नु तथा पालिकाभित्र सञ्चालन गरिएका सामान्य प्रकृतिका प्रशासनिक काममा समेत भत्ता भुक्तानी गर्नु मितव्ययिताका हिसाबले उपयुक्त देखिएन। यस प्रकारका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| भौ. नं. | वडा नं. | अनुगमनकर्ताको संख्या | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९४२।०८२।३।२५ | ३ | ७ | वडाभित्र सञ्चालित विभिन्न योजना अनुगमन गरेको १९ दिनसम्मको अनुगमन भत्ता | ९७,०००। ०० |
| ९१४।०८२।३।२५ | पालिका | २७ | विभिन्न योजनाहरु अनुगमन गरेको, प्रतिवेदन फरमेटमा मात्र | १,१९,७००। ०० |
| ८७५।०८२।३।२३ | ८ | - | योजना अनुगमन गरेको | १०,०००। ०० |
| ८८५।०८२।३।२३ | ७ | ६ | वडाभित्र सञ्चालित विभिन्न योजना अनुगमन गरेको | २०,०००। ०० |
| ८७५।०८२।३।२३ | ५ | - | योजना अनुगमन गरेको | ४५,०००। ०० |
| ९५१।०८२।३।२५ | ४ | ६ | योजना अनुगमन गरेको | २३०००। ०० |
| ८१५।०८२।३।१९ | ६ | ६ | योजना अनुगमन गरेको | ९,०००।०० |
| ७०२।०८२।३।१३ | पालिका | | योजना अनुगमन गरेको | ५७,५००। ०० |

## ३९ मर्मत तथा इन्धन खर्च

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन,२०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको यातायात सुबिधा व्यवस्था छ।सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचिमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ।त्यस्तै कर्मचारीहरुको हकमा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८२ को परिच्छेद ५ मा कर्मचारीहरुका लागि पारवहन तथा इन्धन सुबिधा सम्बन्धि व्यवस्था गरेको छ। पालिका अन्तर्गत पिकअप भ्यान , ब्याकहो लोडर , एम्बुलेन्स-, मोटरसाइकल- र स्कुटर थान रहेका छन। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.२४,४४,५०६।०० र इन्धनमा रु.३६,१८,१२०।०० खर्च गरेको छ। मेशिनरी औजार तथा सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी यसप्रकारको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

## ४० भ्रमण खर्च

भ्रमण खर्च नियमावली,२०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी विल भर्पाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ।पालिकाले यो वर्ष दैनिक भ्रमण भत्ता, अनुगमन तथा मूल्याङ्कन र फिल्ड भत्ता शीर्षकमा रु.४४,२६,६०७।०० खर्च गरेको छ । भ्रमण आदेश र संलग्न भएका विल भर्पाई नमूना छनौट गरी परीक्षण गर्दा भ्रमणको उदेश्य स्पष्ट हुने नगरेको तथा भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश हुने नगरेको लगायतका कैफियत देखिएकोले भ्रमण प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी उद्वेश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

## ४१ सवारी साधन भाडा

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन,२०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको यातायात सुबिधा सम्बन्धि व्यवस्था छ। सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचिमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ।त्यस्तै गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२ को बुदा नं ९ मा सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुलाई तोकिए बमोजिमको मासिक इन्धन सुबिधा दिने व्यवस्था गरेको छ। पालिकाले उपरोक्त सुबिधा बाहेक कार्यालयको

बिभिन्न कामका लागि पदाधिकारी तथा कर्मचारीहरुले प्रयोग गरेको सवारी साधन भाडा शिर्षकमा वार्षिक रु.१८,१३,१५०।०० खर्च भुक्तानी भएको देखिन्छ । नमूना छनौट गरी परीक्षण गर्दा पटक पटक गाडी भाडामा लिदा सम्झौता गरेको पत्र संलग्न भएपनि कुन प्रयोजनका लागि पदाधिकारी तथा कर्मचारीले सवारी साधन प्रयोग गरेको हो सो स्पष्ट खुलाउने गरेको नदेखिदा कार्यालयको काममै प्रयोग भएको हो भनी सुनिश्चित गर्न सकिएन । अतः उदेश्य र प्रयोजन बेगरको गाडी भाडा भुक्तानीमा नियन्त्रण गरी यस प्रकारको प्रशासनिक खर्चमा मितव्ययि हुनु पर्दछ ।

४२ **स्वयंसेविका प्रोत्साहन**

नेपाल सरकार संघीय शशर्त चालु कार्यक्रमबाट महिला स्वयं सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च उपलब्ध गराउदै आएकोमा स्थानीय सरकारले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी थप प्रोत्साहन सम्बन्धि कार्यक्रम गर्नु पर्दछ। पालिकाले महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संघीय सर्शतबाट उपलब्ध गराउदै आएको सुबिधाका अतिरिक्त पालिका तर्फबाट समेत थप गरी प्रोत्साहन भत्ता रु.१८,०००।०० र खाजा खर्च रु.१८००। का दरले वार्षिक ४९ जनालाई रु.९,५०,४००।०० भुक्तानी गरेको छ । पालिकाले आफ्नो आन्तरिक श्रोतलाई मध्यनजर गरी उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने प्रणालीमा सुधार गर्नु पर्दछ ।

४३ **बैठक भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ४५ मा बैठक भत्ता सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ ।जसमा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठकको आवश्यकता औचित्य र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगायतका आधारहरु उल्लेख गरेको छ । पालिकाले देहायका गोश्वरा भौचरबाट तीन सदस्यीय विपन्न नागरिक औषधि उपचार सिफारिस समितिको बैठक बसेको माइन्युट समावेश गरी बैठक भत्ता खर्च लेखेको छ। हरेक बैठकबाट १ जना विपन्न नागरिक उपचार सिफारिस गर्नका लागिमात्र बैठक वस्ने र भत्ता भुक्तानी गर्ने गरेको देखियो।यसरी बैठकको आवश्यकता औचित्यता र उपयुक्ताको हिसावले समेत यस्ता बैठकको भत्ता भुक्तानीमा नियन्त्रण गरी प्रशासानिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| गो भौ नं | बैठक संख्या | सिफारिस संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ८४९।०८२।३।२३ | १२ | १२ | ३५०००।०० |

४४ **बिबिध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान, आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्च शीर्षकमा वडा तर्फ बाहेक रु.२३,११,४३६/- खर्च गरेको छ ।यस मध्ये पालिकाले कार्यपालिका तथा कर्मचारीका बिभिन्न बैठक, फिल्ड अनुगमन, कार्यालय समय अघिपछि बसी कार्य गरेको, अथिति सत्कारमा हुने चिया, खाजा, खाना लगायतमा खर्च भएको उल्लेख गरेको छ । नमूना छनौट गरी परीक्षण गर्दा विविध खर्च कुन कुन कार्यक्रम वा प्रयोजनमा खर्च भएको हो विस्तृत रुपमा खुलाउने गरेको देखिएन । अतः पालिकाले विविध खर्च गर्दा आफ्नो आन्तरिक आयको परिधिभित्र रही तथा प्रयोजन खुलाएर मात्र खर्च गरी यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

४५ **भरपाईभन्दा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **अपाङ्ग सहायक सामाग्रि वितरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार

भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं. ९०५।०८२।३।२४ बाट लक्षित वर्ग कार्यक्रम अन्तर्गत अपाङ्ग सहायक सामाग्रि वितरण गर्न रु.१४८९०८।०० का ह्विल चेयर ९ पिस, बैसाखी १० पिस, कमोडे चेयर २, वाकिङ स्टिक २४ पिस खरिद गरेकोमा उक्त सामाग्रीहरु लक्षित बर्गलाई वितरण नगरी स्टोर मौज्दात राखेको देखियो । अतः उपरोक्त अनुसारका सामाग्रीहरु लक्षित समूहलाई वितरण गरी त्यसको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४८,९०८ |

४७ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न पदमा ३८ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१,५९,६१,०३३/- खर्च लेखेको छ ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक,सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करार बाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद बाहेक दरबन्दि भित्रका रिक्त ईन्जिनियर-१, सव ईन्जिनियर-१ र अ. सव ई.- २ समेत ४ जनाको रु.१९,१४,८९९।०० र स्वास्थ्य तर्फ बिभिन्न २४ पदहरुमा करार नियुक्त गरी रु.१,०३,१९,९४८।०० समेत जम्मा २८ कर्मचारीको बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.१,२२,३४,८४७/- भुक्तानी गरेको छ।

४८ **बैठक भत्ता खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ४५ मा बैठक भत्ता सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ ।जसमा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठकको आवश्यकता औचित्य र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगायतका आधारहरु उल्लेख गरेको छ ।पालिकाले गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०८२।३।१ मा प्रमाणीकरण गरी लागु गरेको छ । कार्यसञ्चालन निर्देशिकाको बुदा नं. ४ मा बैठक खर्च सम्बन्धि व्यवस्था गरेकोमा पालिका अन्तर्गत वस्ने सबै प्रकारका बैठकमा भत्ता दिने र आमन्त्रित सदस्य समेत सबैलाई बैठक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै पदाधिकारीको बैठक भत्ता दर समेत प्रदेश कानूनले तोकेको भन्दा बढी दर निर्धारण गरेको देखियो ।यसरी कार्यालय सञ्चालन खर्चमा बृद्धि हुने गरी कार्यसञ्चालन निर्देशिका जारी गर्नु खर्च प्रभावकारिता र मितव्ययिताका हिसाबले उपयुक्त देखिएन ।यस वर्ष पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता शिर्षकमा रु.३२,२४,७५०। खर्च गरेको देखिन्छ। बैठकको आवश्यकता, औचित्यता, उपयुक्तता, विषयवस्तु स्पष्ट भएको र कार्यालय समय अघिपछि बसेको बैठककोमात्र भत्ता उपलब्ध गराउने व्यवस्था कायम गरी यस प्रकारका प्रशासनिक खर्चहरुमा मितव्ययिता कायम हुने गरी खर्च सम्बन्धि मापदण्ड तयार गरी लागु गर्नुपर्दछ।

४९ **सुबिधा सार्वजनिकरण**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन,२०७७ को दफा १५ मा पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुबिधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्बजनिक गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकाले ऐनमा भएको व्यवस्था अनुसार पदाधिकारी तथा सदस्यहरुले प्राप्त गरेको सुबिधा सार्वजनिक गर्ने गरेको नदेखिएकोले कानूनको पालना गर्नु पर्दछ।

५० **आमा सुरक्षा कार्यक्रमः**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका,२०७८ को बुदा नं. १६ अनुसार आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले प्रदान गरेको आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ र नवजात शिशु कार्यक्रमको अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी सम्वन्धित स्थानीय तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाका वर्थिङ्ग सेन्टरबाट पेश भएको आमा सुरक्षा इकाई मुल्य फाराम ( अनुसूचि १०) वमोजिम १४६ जनाको सामान्य सुत्केरी गराएको विवरण अनुसार सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.२,०००.०० का दरले रु.२९२०००.००, प्रसुती गराए वापत संस्थागत

शुल्क प्रति सुत्केरी रु.२,५००.०० का दरले जम्मा रु.३६५०००.०० र प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका १२१ जनालाई रु.८००.०० का दरले रु.९६,८००.०० र ९५ जनाको गर्भपतन बापत रु. ८०० का दरले रु.७६,०००।०० समेत रु. ८२९८००.०० सोधभर्ना भुक्तानी भएको देखियो। पालिकाले उल्लेखित खर्च मासिक रुपमा सोधभर्ना भुक्तानी गर्दा आमा सुरक्षा कार्यक्रम तर्फ अनुसूची १५ र नवजात शिशु कार्यक्रम तर्फ अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी अनुगमन तथा सुपरीवेक्षण गरेको प्रतिवेदन समावेश गरेको देखिदैन। पालिकाले उल्लिखित खर्च भुक्तानी गर्दा निर्देशिका अनुसार चेकलिष्ट प्रयोग गरी मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण भएको प्रमाण समावेश गर्नु पर्दछ।

५१ **शिक्षण सिकाई सहयोग अनुदानः**

कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराउदा शुन्य दरबन्दी / राहत अनुदान कोटा भएका विद्यालयलाई न्युनतम ३ ओटा, १ दरबन्दी / राहत अनुदान कोटा भएकालाई २ ओटा र २ दरबन्दी/ राहत अनुदान कोटा भएकालाई १ ओटाका दरले साथै (६-८) मा शून्य दरबन्दी भएको विद्यालयलाई १ ओटा शिक्षक अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। तर पालिकाले देहायका विद्यालयहरुमा कार्यक्रम कार्यविधिको विपरित हुनेगरि यस प्रकारको अनुदान प्रदान गरेको देखिएकोले कार्यविधि अनुसार अनुदान प्रदान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सि नं | विद्यालयको नाम | मा वि / नि मा वि दरबन्दी संख्या | अनुदान संख्या | अनुदान रकम |
|---|---|---|---|---|
| १ | सिता मा वि | २ नि मा वि | १ | ४१६७६० |
| २ | सत्य मा वि | ३ मा वि | १ | २६२१३४ |
| ३ | ज्ञान ज्योती आ वि | ० | २ | २६२१३४ |
| | जम्मा रु | | | ९४१०२८ |

५२ **औषधि खरिदः**

पालिकाको लागि आबश्यक औषधि खरिदका लागि रु १७००००० र सर्जिकल सामग्रीका लागि रु ७९९९९९ गरी जम्मा रु २४९९९९९ को लागत अनुमान तयार गरी मिति ०८१।८।४ मा सबैभन्दा कम ६०।७२ प्रतिसत घटी कबोल गर्ने फर्म श्री हेल्पिङ्ग मल्टिपर्पोजसग संभौता गरेको छ। औषधि खरिदसंग सम्बन्धित अन्य व्यहोरा देहाय बमोजिम रहेका छन्

पालिकाले औषधि आपुर्तक फर्मबाट आपुर्ती हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने तथा आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति, जि एम पी सर्टिफाईड तथा यो औषधि बिक्रिको लागी होइन भन्ने लेखेको हुनुपर्ने उल्लेख छ । भौचरसँग सलँग्न फाँटवारी परीक्षण गर्दा विभिन्न औषधि कम्पनीहरुको जि. एम. पि. सर्टिफिकेट म्याद नाघेको पेश गरेको पाईयो। साथै आपुर्ती भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्नु पर्नेमा औषधिको परिमाण मात्र गणना गरि मुचुल्का उठाएको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा एकिन गर्न नसकिएकोले यसमा सुधार गर्नु पर्दछ ।

साथै पालिकाले औषधि आपूर्तकसंग संझौता गर्दा Technical Specification मा औषधिको खरिद गरी स्टोरमा दाखिला भएको समयमा कम्तीमा १८ महिना एक्स्पाएरी मिति बाकी हुनुपर्ने उल्लेख गरिएको साथै संझौताको बुंदा नं ९ मा खरिद गरिने औषधिको म्यादको सम्बन्धमा औषधि स्टोर दाखिला हुदा उक्त औषधिको उत्पादन मिति बाट कम्तीमा ७५ प्रतिशत समय बाकी रहेको हुनुपर्नेछ सो भन्दा घटी म्याद भएका औषधिहरु बुझिलिईने छैन भनिएको छ।खरिद गरिएको औषधिको उत्पादन मिति खुल्ने कागजात पेश भएको देखिएन । आपूर्तकले पेश गरेको औषधिको बिल परीक्षण गर्दा १८ महिना भन्दा कम समय बाकि रहेको औषधि समेत सप्लाई भई संझौता विपरित घटी म्याद भएका औषधिको समेत बिल भूक्तानि दिएको पाईयो। गो.भौ.नं. ३८ संघिय चालुबाट मिति २०२५.१.६ मा रु.६,६७,६१२।०० र गो. भौ. नं. ३८ गाउपालिका चालुबाट मिति २०२५.४.१ मा रु.७,८३,५५९। गरी जम्मा रु.१४,५१,१७१। ०० भूक्तानी भएको भौचरसंग संलग्न बिल परीक्षण गर्दा देहाय बमोजिम १८ महिना भन्दा कम म्याद रहेको औषधि देखिएकोले संझौता विपरित भएको खरिद कार्य नियमसम्मत नदेखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | २,१८,४९८ |

## ५३ विद्यालय भवन निर्माण

सशर्त अनुदान कार्यविधि अनुसार अनुदान कार्यक्रम प्राप्त गरी सोही अनुसार गुणस्तरीय रुपमा कार्यान्वयन भएको सुनिश्चित हुनु पर्दछ। पालिकाले संघीय सशर्त अनुदान तर्फ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण गर्न विनियोजन भएको रु. १ करोड ८० लाख मध्ये कार्यपालिकाको २०८१।८।१२ मा ठेक्का व्यवस्थापन गर्ने निर्णय भएकोमा पुनः २०८१।९।२८ को उपभोक्ता समितिसँग सम्झौता गरि निर्माण कार्य गर्ने कार्यपालिकाको निर्णयानुसार निम्नानुसार तिन विद्यालयको एकतले चारकोठे विद्यालय भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गरी रु. १,६७,१८,३२२.०० खर्च गरेको छ। पालिकाले एक तले ४ कोठे विद्यालय भवन निर्माण गर्ने सम्वन्धमा सशर्त अनुदान प्राप्त गर्नको लागि प्रस्ताव पेश नगरेको तथा बजेटमा समेत विद्यालय नतोकेको अवस्थामा कार्यपालिकाले निर्णय गरी उपभोक्ता समितिवाट निर्माण कार्य गराएको देखियो। उपभोक्ता समितिवाट सम्पादन भई पेश गरेको प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने कागजात परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छनः

| क्र.सं. | विद्यालयको नामर अध्यक्ष | बजेट | लागत अनुमान | कार्यसम्पन्न | जनश्रमदानकट्टी | सम्झौता-सम्पन्न र गोश्वारा भौचर नं. | खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | बाल सुधार प्रा.वि. थारुखर्क/ बुद्दिबहादुर खत्री | ६० लाख | ७५०९९१५ | ६८३३६६२ | १५०९९१५ | २०८१।१०।२०-०८२।२।२४, २७।०८२।३।२४ | ५२४९०७७ |
| २ | अमर प्रा वि/ श्यामलाल पोखेल | ६० लाख | ७५०९९१५ | ७१८३१५२ | १५०९९१५ | २०८१।१०।२०-०८२।२।३०, २८।०८२।३।२४ | ५६३२११९ |
| ३ | बालज्योती ने.रा.प्रा.वि. कुटेडाडा भौतिक व्यवस्थापन उ.स./ विर बहादुर कामी | ६० लाख | ७४८४९१५ | ७३४८४३५ | १४८४९१५ | २०८१।१०।११-०८२।२।३०, २६।०८२।३।२४ | ५८३७१२६ |
| | **जम्मा** | **१८० लाख** | **१५८०४७४५** | | **४५०४७४५** | | **१६७१८३२२** |

### ५३.१ उपभोक्ता समितिको घटी विल भरपाई

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०४,९०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२४४,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२६२,०७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५३.२ **फरक दरको प्रयोग**

उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार स्थलगत रुपमा सम्पादन भएको वास्तविक कार्यको आधारमा प्राविधिक मूल्याङ्कन तयार गरी पुष्टि हुने विल, भरपाई र खर्च प्रमाणीत गर्ने कागजात समेतको आधारमा निर्माण कार्यको भुक्तानी गर्नु पर्दछ। पालिकाले निम्न तिन विद्यालयको भवनको ढोकाको लागि स्थानीय काठको प्रयोग गरी ३८ मिमी बाक्लो प्यानल तयार गर्न प्यूठान जिल्लाको जिल्ला दररेटमा स्थानीय काठको मुल्य प्रति घन फिट रु. १२००.०० का दरले एक घन मिटरको रु.४२३७८.०० कायम गरी दर विश्लेषण गरी भुक्तानी हुनु पर्नेमा जिल्ला दररेट अनुसार सालको काठको मुल्य प्रति घन फिट रु. ६७००.०० का दरले एक घन मिटरको रु. २३६६१०.०० रहेकोमा पालिकाले प्रतिघनमिटर रु. २,१६,२०५.०० कायम गरी उपभोक्ता समितिलाई निम्नानुसार कार्यको रु.७,६२,८६७.०० वढी भुक्तानी भएको देखियो । उपभोक्ता समितिले निर्माण कार्यमा प्रयोग भएको वास्तविक परिमाणको आधारमा भुक्तानी नगरेको रकम असुल हुनु पर्ने रु.

| **उपभोक्ता समिति/ विद्यलायको नाम** | **आइटमको नाम** | **कामको परिमाण (वर्ग मिटर)** | **भवन विभागको नर्म्स (जि२, १०-२) अनुसार एक वर्ग मिटरको कार्यमा प्रयोग हुने काठ(घनमिटर)** | **निर्माण कार्यमा प्रयोग काठ (घन मिटर)** | **वढी भुक्तानी** |
|---|---|---|---|---|---|
| बाल सुधार प्रा.वि. थारुखर्क | आइटम नं. १६ को ३८मिमी बाक्लो ढोका प्यानलहरूको लागि स्थानीय काठको काम(Local Wood Works for 38 mm Thick Door Panels) | ३६.४३ | ०.०३९७४ | १.४४७७२८२ | २५१६१५ |
| अमर प्रा.वि. | | ३७.०४ | ०.०३९७४ | १.४७१९६९६ | २५५८६८ |
| बालज्योती ने.रा.प्रा.वि. कुटेडाडा भौतिक व्यवस्थापन उ.स. | | ३६.९७ | ०.०३९७४ | १.४६९१८७८ | २५५३८५ |
| | **जम्मा** | **११०.४४** | | **४.३८८८८५६** | **७६२८६७** |

| असुल गर्नुपर्ने | ७,६३,३५० |
|---|---|

५४ **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **रु. हजारमा** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स** | **बजेट** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिना** |
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | कुल खर्च रकम | ५०९५७५ | ९५३३९ | ७२७०८ | ७१६२७ | २६९९०१ | १६३३६७ |
| २ | पूँजिगत खर्चतर्फ | १७०९३० | २२३४० | ४१३४१ | १५५४९ | ९१७०० | ७१३९५ |
| ३ | त्रैमासिक पुँजिगत खर्च प्रतिशत | १०० | १३ | २४ | ९ | ५४ | ४२ |
| ४ | कुल खर्चको तुलनामा प्रतिशत | ३४ | २३ | ५७ | २२ | ३४ | ४४ |

पालिकाले कुल खर्चको ३४ प्रतिशत रु. १७ करोड ९ लाख ३० हजार पुँजिगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. २ करोड २३ लाख ४० हजार (१०.८५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४ करोड १३ लाख ४१ हजार (२०.०५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १ करोड ५५ लाख ५० हजार (७.५४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ९ करोड १७ लाख (४४.४९ प्रतिशत) खर्च गरेको देखिएको छ

। आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु. ७ करोड १३ लाख ९५ हजार (३४.६४ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित रुपमा भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

५५ **प्रसुती यातायात खर्च**

नेपाल सरकार संघीय शशर्त चालु कार्यक्रमबाट आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा भर्ना भइ प्रसुती सेवा लिने महिलाहरुलाई रु.२०००। यातायात खर्च र पोर्टोकल बमोजिम नियमित चेकजाँच गराए वापत थप रु.८००। गरी जम्मा रु.२८००। उपलब्ध गराउने व्यवस्था छ। पालिकाले पनि पालिकाभित्रका गर्भवती महिलाहरुका लागी प्रस्तुती सेवा लिँदा संघीय शर्सतबाट उपलब्ध गराउदै आएको सुबिधाका अतिरिक्त पालिकाको तर्फबाट समेत थप रु.२०००। यातायात खर्च सेवाग्राहीलाई भुक्तानी गरेको छ। पालिका अन्तर्गतका ६ वटा वर्थिङ सेन्टरमा प्रस्तुती गराए वापत र वर्थिङ सेन्टर नभएका २ वटा वडाका गर्भवती महिलाहरुले पालिका बाहिरका स्वास्थ्य संस्थामा प्रस्तुती गराए पनि मागदाबी गर्न आएमा आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट उक्त यातायात खर्च उपलब्ध गराउने गरेको छ। यस कार्यका लागी यस वर्ष रु.५,२४,०००।०० खर्च भुक्तानी गरेको छ। स्थानीय सरकारहरुले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिको कार्यक्रममा खर्च गर्ने प्रणालीमा सुधार गर्नु पर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार उपभोक्ता समितिवाट निर्माण भएको कार्यको लागि नियम ९७(५) अनुसार भुक्तानी माग गर्दा प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको बैठकवाट अनुमोदन गराइ नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण समेत गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। उपभोक्ता समितिवाट पालिकामा पेश भएको प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने कागजात परीक्षण गर्दा नर्म्स अनुसारको निर्माण सामाग्री सिमेन्ट, इटा र सरियाको मात्र परीक्षण गर्दा निर्धारित परिमाण भन्दा घटी हुने परिमाण र घटी खरिद दरमा विल भरपाई पेश भएको आधारमा निम्नानुसार वढी भुक्तानी भएको देखिन्छ। पालिकाले उपभोक्ताबाट कार्य गराई भुक्तानी भएको योजनाको सम्वन्धमा समेत एकिन गरी लेखापरीक्षणमा छनौट गरिएका निम्नानुसार योजनामा भएको वढी भुक्तानी असुल गर्नु पर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>बजेट</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>जनश्रमदान</th><th>गो भौ नं</th><th>खर्च रकम</th><th>बढी भुक्तानीर</th></tr>
<tr><td>रोका डिहि देखि देउराली मन्दिर जाने पद निर्माण झिमरुक ७</td><td>१८००००</td><td>२००५३७७</td><td>१४२०४५८</td><td>१४५४७३</td><td>३३।०८२।३।२५</td><td>१२७४९८५</td><td>२९७३३</td></tr>
</table></td><td>२९,७३३</td></tr>
<tr><td>२</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन वा प्राप्त गर्न सक्ने, नियम ९७(५) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको बैठकवाट अनुमोदन गराइ नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण समेत गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार विद्यालय भवन निर्माण गर्दा उपभोक्ता समितिवाट सम्पादन गरेको कार्यमा प्रयोग हुने नर्म्स अनुसारको इटा र सरियाको निर्धारित परिमाण भन्दा घटी हुने परिमाण र घटी खरिद दरमा विल भरपाई पेश भएको आधारमा निम्नानुसार वढी भुक्तानी भएको छ। पालिकाले वढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नु पर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>बजेट</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>जनश्रमदान</th><th>खर्च रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>बालज्योती नेरा प्रा वि कुटेडाडा</td><td>६००००००</td><td>७४८४९१५</td><td>७३४८४३५</td><td>१४५७८३९</td><td>५८९०५९६</td><td>२३४९९६</td></tr>
</table></td><td>२,३४,९९६</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>३</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन वा प्राप्त गर्न सक्ने, नियम ९७(५) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको बैठकवाट अनुमोदन गराइ नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण समेत गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार विद्यालय भवन निर्माण गर्दा उपभोक्ता समितिवाट सम्पादन गरेको कार्यमा प्रयोग हुने नर्म्स अनुसारको इटा र सरियाको निर्धारित परिमाण भन्दा घटी हुने परिमाण र घटी खरिद दरमा विल भरपाई पेश भएको आधारमा निम्नानुसार वढी भुक्तानी भएको छ। पालिकाले वढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नु पर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>बजेट</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>जनश्रमदान</th><th>खर्च रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>अमर प्रा.वि. वालुवा</td><td>६००००००</td><td>७५०९९१५</td><td>७१८३१५२</td><td>१४४४२१७</td><td>५७३८९३५</td><td>१७८८३०</td></tr>
</table></td><td>१,७८,८३०</td></tr>
<tr><td>४</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन वा प्राप्त गर्न सक्ने, नियम ९७(५) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको बैठकवाट अनुमोदन गराइ नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण समेत गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार विद्यालय भवन निर्माण गर्दा उपभोक्ता समितिवाट सम्पादन गरेको कार्यमा प्रयोग हुने नर्म्स अनुसारको इटा र सरियाको निर्धारित परिमाण भन्दा घटी हुने परिमाण र घटी खरिद दरमा विल भरपाई पेश भएको आधारमा निम्नानुसार वढी भुक्तानी भएको छ। पालिकाले वढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नु पर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>बजेट</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>जनश्रमदान</th><th>खर्च रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>वाल सुधार प्रा वि थारुखर्क</td><td>६००००००</td><td>७५०९९१५</td><td>६८३३६६२</td><td>१३७३९५०</td><td>५४५९७११</td><td>६८९४१</td></tr>
</table></td><td>६८,९४१</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : झिमरुक गाउँपालिका, प्युठान , झिमरुक गाउँपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Amarraj Sejuwal | २०८३-०१-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अरविन्द महत | २०८२-१-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,३०३,७८९ | ४,९७१,०५५ | ४०८,४८५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ७,६८३,३२९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,३३०,३९८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ५१२,५०० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,८६५,४३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३९४४२३०१.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६४५७७०२५६.२४ | चालु खर्च | ४६५९६९८४९.०१ |
| प्रदेश सरकारबाट अनुदान | २५३५६४३४.६६ | पूँजीगत खर्च | १७०९३०४८४ |
| राजश्व बाँडफाँट | २८४०४०४.७१ | वित्तीय/अन्य व्यवस्था | २५९३८८०६.६८ |
| आन्तरिक आय | १०६५२२७८.३९ | | |
| अन्य आय | ११७२१९१४.८३ | | |
| कुल आय | ६९६३४१२८८.८३ | कुल खर्च | ६६२८३९१३९.६९ |
| बाँकी मौज्दात | | ७२९४४४५०.६४ | |

## अनुसूची - २

## बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| गो भौ नं ३८ संधिय चालु | | | | | |
|---|---|---|---|---|---|
| क्र सं | औषधिको नाम | एक्सपायरी मिति | परिमाण | दर | रकम |
| 1 | Hyoscine tab 10 mg 10013 | Jun 30 2026 | 4000 | 3.12 | 12480 |
| 2 | Hyoscine Inj lez23080 | Nov 30 2025 | 200 | 16.90 | 3380 |
| 3 | Lignocaine with adrenaline lez 24013 | March 31 2026 | 80 | 28.6 | 2288 |
| 4 | Metroclopramide Syrup ems 0323 | Nov 30 2025 | 160 | 31.2 | 4992 |
| 5 | Metronidazole 400 mg 19079 | Jul 31 2026 | 16000 | 1.17 | 18720 |
| 6 | Vitamine B complex 1085 | April 30 2026 | 20000 | 0.65 | 13000 |
| 7 | Chlorhexidine Oient ube 170 | May 31 2026 | 100 | 16.9 | 1690 |
| 8 | Aspirin 75 mg 040 10571 | May 31 2026 | 1005 | 0.65 | 653 |
| 9 | Ciprofloxacine eye/ear drop ece 264 | Jul 31 2026 | 800 | 11.7 | 9360 |
| 10 | Clotrimazole 100 mg tgmt 019 | Jun 30 2026 | 1000 | 6.5 | 6500 |
| 11 | Cloxacilline dry syrup pcs 133 | Feb 28 2026 | 200 | 78 | 15600 |
| 12 | Metoclopromide Inj mes 019 | May 31 2026 | 200 | 19.5 | 3900 |
| 13 | Normal Sline ao 381042 | Jul 31 2026 | 200 | 39 | 7800 |
| 14 | Pheniramine maleate Inj cas 023 | Jan 30 2026 | 200 | 7.8 | 1560 |
| 15 | Povidine iodine 01025 | Feb 28 2026 | 79 | 0.1 | 7.9 |
| 16 | Salbutamole Syrup icps 018 | Apr 30 2026 | 200 | 45.5 | 9100 |
| 17 | Amoxycilin dry syrup Pm6-676 | Apr 30, 2026 | 200 | 32.5 | 6500 |
| 18 | Amoxycilin Tmkz 091 | Mar 31, 2026 | 800 | 1.56 | 1248 |
| 19 | Chlorhexidine moutn Wash anl 01008 | Apr 30, 2026 | 200 | 31.2 | 6240 |
| 20 | Clotrimazole skin cream 065 | Jan 30, 2026 | 400 | 18.2 | 7280 |
| 21 | clotnimazole moutn paint atl 1003 | Jan 31, 2026 | 80 | 31.2 | 2496 |

| | | | | | |
|---|---|---|---|---|---|
| 22 | Nitrofuantian 100 mg Urt 14085 | Apr 30, 2026 | 4000 | 0.1 | 400 |
| total | | | | | 135194.9 |
| भौ नं ५४३ गा पा चालुतर्फ | | | | | |
| 1 | Amoxycillin dry syrup pm6 -699 | Jul 31, 2026 | 200 | 32.5 | 6500 |
| 2 | Cetrizine syrup 12001 | Oct 31, 2026 | 200 | 18.2 | 3640 |
| 3 | Clotrimazole moutn paint 12001 | Aug 31, 2026 | 80 | 31.2 | 2496 |
| 4 | Cloxacillin dry syrup pcs 13g | Apr 3, 2026 | 200 | 78 | 15600 |
| 5 | Metroruddazole 200 mg 20260301 | Mar 31, 2026 | 8000 | 0.91 | 7280 |
| 6 | Metro nidazole syrup aml 12002 | Sep 30, 2026 | 200 | 18.2 | 3640 |
| 7 | Amoxicillin 125 mg Tmk1-103 | Oct 31, 2026 | 8000 | 1.56 | 12480 |
| 8 | Chlor hexidine moutn wash 018 | Oct 30, 2026 | 200 | 2.34 | 468 |
| 9 | Albendazole syrup uml 12002 | Sep 30, 2026 | 8000 | 0.65 | 5200 |
| 10 | Zinc 20 mg Zit 007 | Aut 31, 2026 | 50000 | 0.39 | 19500 |
| 11 | Citrizine 10 mg 55060 | Sep 30, 2026 | 1000 | 6.5 | 6500 |
| Total | | | | | 83304 |
| | | | | | 218498 |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन पेश भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने तथा आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय र प्रभावकारी

बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।